
## बाल सामाजिक तथा वित्तीय शिक्षा

# शिक्षक तालिम पुस्तिका




unicef

SAMUNNAT NEPAL

प्रकाशक : समुन्नत नेपाल

एकतामार्ग, अनामनगर, काठमाडौँ

© सर्वाधिकार प्रकाशकमा

प्रथम संस्करण : २०७१

सहयोग : युनिसेफ नेपाल

नेपाल सरकार
शिक्षा मन्त्रालय
शैक्षिक जनशक्ति विकास केन्द्र
सानोठिमी, भक्तपुर, नेपाल
(..........................................शाखा)

फोन नं. ६६३१२७६, ६६३४३३९, ६६३८१५०
फ्याक्स नं. ६६३०१९३ भवन नं. १, ६६३१४८६ " २, ६६३०४५७ " ३

पत्र संख्या :-
प्राप्त पत्र संख्या र मिति :-
च.नं.:-

मिति:- २०७१।१०।२०

विषय: मन्तव्य

नेपाल सरकार शिक्षा मन्त्रालय, शिक्षा विभाग तथा कार्यक्रम सम्बद्ध निकायहरूसँगको सहकार्यमा **'बाल सामाजिक तथा वित्तीय शिक्षा'** कार्यक्रम परीक्षणको रूपमा सञ्चालन हुन लागेको छ । युनिसेफ नेपालको सहयोगमा समुन्नत नेपालले उक्त कार्यक्रममा संलग्न हुने कक्षा ९ र १० अध्यापन गर्ने शिक्षकहरूलाई बाल सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको क्रियाकलाप सञ्चालन गर्न क्षमता अभिवृद्धि गर्न सघाउ पुगोस् भन्ने अभिप्रायले ३ दिने शिक्षक तालिम निर्देशिका तयार गरेको छ ।

यस शिक्षक तालिम निर्देशिका विकास गर्नका लागि शैक्षिक जनशक्ति विकास केन्द्रको प्राविधिक सहयोग रहेको छ । यस निर्देशिका तयार गर्दा यस सम्बन्धी अन्तरराष्ट्रिय अभ्यास र हाम्रो सन्दर्भलाई समायोजन गर्दै ५ ओटा मुख्य विषय वस्तुलाई १३ ओटा क्षेत्रहरू राखेर तयार पारिएको छ । कार्यक्रमको विषय वस्तुहरूलाई विद्यार्थी केन्द्रित कार्यकलापको माध्यमबाट सिकाउने गरी तयार गरिएकाले प्रभावकारी हुने ठानेको छु ।

अन्त्यमा परीक्षणका रूपमा सञ्चालन भइरहेको यो बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी सिकाइ आगामी दिनमा आधारभूत तहको शिक्षाबाटै व्यवस्था गर्न आवश्यक भएको छ । यसका लागि सबैको सहयोग र सहकार्य आवश्यक छ । निर्देशिका निर्माणका क्रममा शैक्षिक जनशक्ति विकास केन्द्रसँग समन्वय गरी प्राविधिक सहयोग जुटाएर यस रूपमा ल्याउन गरिएको प्रयत्न र व्यवस्थापनप्रति युनिसेफ नेपाल र समुन्नत नेपाललाई हार्दिक धन्यवाद ज्ञापन गर्दछु । निर्देशिका तयार गर्नका लागि योगदान गर्नुहुने यस केन्द्र र समुन्नत नेपालका विज्ञहरूलाई धन्यवाद दिन चाहन्छु । परीक्षणका रूपमा सञ्चालन भएको कार्यक्रमका सिकाइका आधारमा यसको विस्तार हुने छ भन्ने अपेक्षा राखेको छु ।

धन्यवाद ।

खगराज बराल
कार्यकारी निर्देशक
शैक्षिक जनशक्ति विकास केन्द्र

# हाम्रो भनाइ

सामाजिक तथा वित्तीय शिक्षाका पाठ्यक्षेत्र पहिचान गरी विद्यार्थी क्रियाकलाप पुस्तिका र शिक्षक निर्देशिका तयार भइसकेका छन् । यी सामग्रीहरूमा लक्ष्य निर्धारण, योजना निर्माण र लैङ्गिक समता/समानता जस्ता शीर्षकहरू समेटिएका छन् । नेतृत्व विकास, बालअधिकार वातावरण संरक्षण जस्ता पक्षहरू पनि यसमा छुटेका छैनन् । वित्तीय संस्था र वित्तीय कारोवारका सबै पक्षहरू यी साग्रीहरूमा उल्लेखित छन् । लगानी, उद्दम सञ्चालन र विप्रेषण जस्ता पाठहरू पनि यिनीहरूमा परेका छन् । विश्वमा आफू कहाँ सम्बन्धी कुराहरूमा पनि सामग्री अन्तर्गत विद्यार्थीलाई अभ्यास गराउन खोजिएको छ ।

माथि उल्लेख गरिएका पक्षहरूमा शिक्षण सिकाइ गर्न सहज होस् भनेर तिन दिने शिक्षक तालिमको आयोजना गरी यो तालिम पुस्तिका विकास गरिएको हो । यसमा विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिकाको बारेमा अध्ययन र छलफल हुनेछ । लक्ष्य निर्धारण, बालअधिकार संरक्षण र नेतृत्व विकास सम्बन्धी शीर्षकहरूमा सहभागीहरूलाई क्रियाकलापमा अभ्यास गराइने छ । बचत, खर्च र लगानी जस्ता पाठहरूमा पनि सहभागिहरूले अभ्यास गर्नुहुने छ । वित्तीय निर्णय, सचेतना सामग्री निर्माण र प्रोगात्मक कार्यहरू जस्ता क्रियाकलापहरू पनि यस सामग्रीमा समावेश गरिएका छन् । यो तिन दिने तालिममा सहभागी हुने शिक्षकहरू सामाजिक तथा वित्तीय शिक्षा शिक्षण गर्न सफल हुनुहुने छ भन्ने आशा राखिएको छ ।

यो सामग्री युनिसेफ नेपाल र नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति विकास केन्द्रको सहमती तथा समुन्नत नेपालको प्राविधिक सहयोगमा तयार पारिएका हो । यसको विकास गर्ने क्रममा योगदान पुऱ्याउनु हुने नेपाल सरकार शिक्षा मन्त्रालय, शैक्षिक जनशक्ति केन्द्रका कार्यकारी निर्देशक श्री खगराज बरालज्यू प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछौं । यसको लेखन कार्यमा संलग्न हुनुहुने समुन्नत नेपलका युबराज लौडारी, पवन कुमार अधिकारी, पदमप्रसाद ढुङ्गाना तथा शैक्षिक जनशक्ति विकास केन्द्रका उप निर्देशक श्री बोध कुमार खनाल र प्राविधिक अधिकृत श्री शंकर अधिकारीलाई धन्यवाद दिन चाहन्छौं ।

यसलाई पठन गर्नुहुने पाठक वृन्दबाट सुधारका लागि सुझाब प्राप्त हुने कुराको अपेक्षा राख्दछौं ।

धन्यवाद ।

२०७१ मङ्सिर

योगेश कुमार श्रेष्ठ<br>
कार्यकारी निर्देशक

# विषयसूची


| क्र.स. | शीर्षक | पृष्ठ सङ्ख्या |
|---|---|---|
| १. | बाल सामाजिक तथा वित्तीय शिक्षा | १ |
| २. | सामाजिक तथा वित्तीय शिक्षाका पाँचओटा मुख्य क्षेत्र | ३ |
| ३. | बाल सामाकिज तथा वित्तीय शिक्षाको प्रस्तावित पाठ्यक्रम | ६ |
| ४. | सहभागी नाम दर्ता | १० |
| ५. | सहभागी परिचय | १० |
| ६. | उद्घाटन सत्र | १२ |
| ७. | तालिमको परिचय र उद्देश्य | १३ |
| ८. | सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको परिचय र उद्देश्य | १४ |
| ९. | सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी आधारभूत जानकारी | १५ |
| १०. | विद्यालय बचत कार्यक्रम र मौन आकृति | २० |
| ११. | विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिकाको परिचय र उद्देश्य | २५ |
| १२. | लक्ष्य निर्धारण | २७ |
| १३. | बालअधिकार र जिम्मेवारी | ३२ |
| १४. | बचत, खर्च र लगानी | ३८ |
| १५. | वित्तीय निर्णय प्रक्रिया | ४४ |
| १६. | नेतृत्व विकास र समूह कार्य | ४९ |
| १७. | सचेतना सामग्री | ५३ |
| १८. | प्रयोगात्मक कार्य | ५५ |
| १९. | विद्यालय उद्यम सञ्चालन कार्यक्रम | ५७ |
| २०. | तालिम मूल्याङ्कन | ५९ |

१. तालिम कार्यक्रम

| पहिलो दिन | | |
|---|---|---|
| पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
| १. नाम दर्ता<br>२. सहभागी परिचय<br>३. उद्घाटन सत्र<br>४. तालिमको परिचय र उद्देश्य<br>५. सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको परिचय | • KWl<br>• मुख्य क्षेत्र (Jigsaw समूह कार्य)<br>• क्षेत्रहरूको महत्त्व खेल<br>• प्रवृत्ति विकास खेल<br>• पैसा र कोसे ढुङ्गा | • विद्यालय बचत कार्यक्रम<br>• बचतका सुनौला मार्ग दर्शन<br>• मौन आकृति |

| दोस्रो दिन | | |
|---|---|---|
| पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
| १. विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिकाको परिचय र उद्देश्य<br>२. लक्ष्य निर्धारण<br>• परिचय<br>• क्रियाकलाप अभ्यास<br>• अभ्यास शिक्षण | १. बाल अधिकार र जिम्मेवारी<br>• परिचय<br>• क्रियाकलाप अभ्यास<br>• अभ्यास शिक्षण<br>२. बचत - खर्च -लगानी<br>• परिचय<br>• क्रियाकलाप अभ्यास | १. वित्तीय निर्णय<br>• परिचय<br>• क्रियाकलाप अभ्यास<br>• अभ्यास शिक्षण<br>२. नेतृत्व विकास |

| तेस्रो दिन | | |
|---|---|---|
| पहिलो सत्र | दोस्रो सत्र | तेस्रो सत्र |
| १. सचेतना सामग्री<br>• परिचय<br>• सामग्री विकास<br>• सामग्री प्रस्तुतीकरण | १. प्रयोगात्मक कार्य<br>• स्टल सञ्चालन<br>• व्यवस्थापन | १. वित्तीय उद्यम<br>२. तालिम मूल्याङ्कन<br>३. समापन |

# बाल सामाजिक तथा वित्तीय शिक्षा

**परिचय :**

बालबालिका तथा किशोर किशोरीहरू राष्ट्रका भविष्य हुन् । राष्ट्रको आर्थिक, सामाजिक उन्नति र प्रगतिका लागि यिनीहरूमा सामाजिक तथा आर्थिक सचेतना अपरिहार्य हुन आउँछ । विद्यालय शिक्षामा सामाजिक तथा वित्तीय शिक्षाको कमी छ । खासगरी विद्यमान सामाजिक शिक्षाले सामाजिक मूल्य, मान्यता, सामाजिक रहनसहन, चालचलन, समाज विकास तथा परिवर्तन जस्ता विषयवस्तुहरूलाई समेटेको पाइन्छ । यस्तै वित्तीय शिक्षामा मुद्रा, बैंक र अर्थोपार्जनसँग सम्बन्धित विषयवस्तुहरूले बढी ठाउँ पाएको देखिन्छ । यही प्ररिप्रेक्ष्यमा कक्षा ९ को सामाजिक विषयमा बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी ज्ञान, सिप र अभिवृत्ति विद्यार्थीहरूमा विकास गर्नका लागि पाठ्यक्रममा यसै वर्ष यस विषयलाई समायोजन गरिएको छ ।

सामान्य अर्थमा बाल सामाजिक तथा वित्तीय शिक्षा भन्नाले समाजमा रहेका विद्यमान समस्यालाई समाधान गरी सामाजिक उत्तरदायित्व निर्वाह गर्नुका साथै प्राप्त स्रोत साधनलाई सदुपयोग गर्ने गरी व्यवस्थापन गर्नु हो । यसले बालबालिका, किशोर किशोरी तथा युवा युवती र समग्र मानव जीवनलाई नै सामाजिक कार्य गर्न, यस सम्बन्धी उत्तरदायित्व वहन गर्न, प्राकृतिक स्रोत साधनको हिफाजत तथा बचत गर्न, वित्तीय व्यवस्थापन सम्बन्धी व्यवहार विकास गर्न सहयोग गर्दछ । सामाजिक तथा वित्तीय शिक्षाले व्यक्तिगत रूपमा वित्तीय व्यवस्थापन गर्न सिकाउँछ भने सामाजिक तहमा यसले आफ्नो समुदाय विकास गराउने सामाजिक कार्यक्रम सञ्चालन गर्न सिकाउँछ । यसले मानव समाजलाई कुनै पनि सामाजिक तथा वित्तीय कारोबार गर्दा नैतिक, मितव्ययी, सक्षम, जिम्मेवार र उत्तरदायी नागरिक बनाउन प्रेरित गर्दछ । यसबाट स्वयम् व्यक्ति, परिवार, समाज, राष्ट्र र समग्र विश्वको सन्तुलित विकासमा टेवा पुग्छ ।

यस अन्तर्गत सामाजिक शिक्षाले वित्तीय शिक्षालाई र वित्तीय शिक्षाले सामाजिक शिक्षालाई बलियो बनाउने रणनीति लिइएको छ । एउटी बालिका, जस्ले पढ्न पाउने अधिकार पाएकी छिन्, सँग पोशाक किन्ने पैसा र विद्यालय जाने बस भाँडा नै छैन भने उनको त्यो अधिकारले के अर्थ राख्न सक्छ ? एउटा बालकको खेल्न पाउने अधिकार पूरा गर्न साधारण खेलौना किन्ने पैसा पनि चाहिन्छ नै । त्यसैले अधिकारहरू प्राप्त गर्ने क्रममा पैसाको पनि महत्व हुन्छ । यहाँ बालिकाको पढ्न पाउने र बालकको खेल्न पाउने अधिकारलाई सामाजिक पक्षसँग र त्यसका लागि आवश्यक पर्ने पैसालाई वित्तीय पक्षसँग सम्बन्धित गराउन खोजिएको हो ।

बालबालिका तथा किशोर किशोरीले आफूमा नैतिक्ता विकास गराउने तथा परिवार एवम् समुदायमा सचेतना अभिवृद्धि गर्ने र यिनीहरूको शैक्षिक, नैतिक, स्वास्थ्य आदि सम्बन्धी व्यवहारमा सकारात्मक परिवर्तन ल्याउने काममा ठुलो भूमिका खेल्न सक्छन् । यी कुराहरू सामाजिक व्यवहारसँग सम्बन्धित छन् । विद्यालयमा सञ्चालन हुने सामाजिक उद्यम सम्बन्धी परियोजनाले उनीहरूलाई यी कामहरू गर्न सहयोग पुऱ्याउँछ । तर यी कामहरू विना पैसा सम्पन्न गर्न कठिन हुन्छ । बचत गर्ने, योजना बनाउने, लगानी गर्ने वित्तीय उद्यम सञ्चालन गर्ने कुराहरू वित्तीय पाटाका विषयवस्तु हुन् । यिनीहरूले सामाजिक कार्यहरू गर्न चाहिने माध्यम (पैसा) का रूपमा काम गरिरहेका हुन्छन् । सामाजिक मूल्य मान्यता, नैतिक आचरण र अनुशासन भन्ने कुराहरू सामाजिक शिक्षाका क्षेत्रहरू मात्र होइनन् । बचत गर्ने, लगानी गर्ने, उद्यम सञ्चालन गर्ने, वित्तीय योजना बनाउने, खर्च गर्ने आदि सबै वित्तीय व्यवहारहरूमा सामाजिक मूल्य मान्यता, नैतिक आचरण र अनुशासन चाहिन्छन् । सतहगत रूपले हेर्दा यी वित्तीय व्यवहारका पक्षहरू देखिएता पनि यिनीहरूलाई सामाजिक व्यवहारहरूले गाँजिरहेका हुन्छन् ।

## बाल समाजिक तथा वित्तीय शिक्षाको औचित्य

बालबालिका तथा किशोर किशोरीहरू सामाजिक तथा वित्तीय व्यवहार प्रस्तुत गर्ने नायकहरू हुन् । उनीहरूका निर्णयको प्रभाव सामाजिक विकासमा प्रष्ट रूपले पर्दछ । यो कुरा वर्तमान र भविष्य दुवैमा लागु हुन्छ । हालैको आर्थिक मन्दीले सामाजिक दायित्वलाई औंल्याइरहेको पाइन्छ । वित्तीय व्यवस्थापन गर्ने सिप हरेक मानिसमा

चाहिने कुरालाई यसले सङ्केत गरिरहेको छ । यो कुरा बालबालिका र किशोर किशोरी त्यसमा पनि जोखिममा रहेकाका लागि झन् महत्त्वपूर्ण भइरहेको छ । नागरिकको महत्त्वपूर्ण मूल्य मान्यता अन्तर्गत बाल्यकाल देखिनै वित्तीय स्रोतहरूको व्यवस्थापन गर्ने सिप आर्जन गरी कार्यान्वयनमा ल्याएमा वित्तीय जोखिम र ऋणका कारणबाट हुने गरिबीको चपेटाबाट बच्न सकिन्छ । यस प्रशङ्गमा सामाजिक तथा वित्तीय शिक्षाको औचित्य निम्नानुसार प्रष्ट्याउन सकिन्छ :

१) बालबालिका तथा किशोर किशोरीलाई सामाजिक र वित्तीय धारणा र सिप सिकाइ सामुदायिक परिवर्तनकर्ताको रूपमा तयार पार्नु पर्ने हुँदा,

२) सामाजिक तथा वित्तीय शिक्षाले बालबालिकालाई सर्वाङ्गीण शिक्षा सम्बन्धी ज्ञान, धारणा र सिप सिकाउने हुँदा

यस प्रसङ्गमा संयुक्त राष्ट्र सङ्घ, बालअधिकार महासन्धिको धारा २९ मा उल्लेख भएका कुराहरू यस प्रकार रहेका छन् :

*'शिक्षाले फराकिलो दायरा लिएर विद्यालय र यस बाहिर जीवनका थुप्रै अनुभवहरूलाई सँगालेर अघि बढ्दै बालबालिकालाई व्यक्तिगत र सामूहिक सिकाइ कार्यद्वारा उनीहरूको व्यक्तित्व, सुझबुझ र क्षमता विकास गर्छ । यसले उनीहरूलाई पूर्ण रूपले समाजमा सन्तोषजनक जीवनयापन गर्न सहयोग पुऱ्याउँछ ।' यस धारणाले पनि बालबालिकाको सिकाइमा सर्वाङ्गीण पक्षहरू समेटिएको हुनुपर्ने कुरालाई जोड दिएको छ । यस कारण पनि सामाजिक तथा वित्तीय शिक्षाको औचित्य अझ प्रवल भएको हो ।*

३) मानिसका सामाजिक तथा वित्तीय व्यावहारहरू सकारात्मक हुनु पर्छ । सकारात्मक व्यावहारहरू प्रस्तुत गर्नेले मात्र सुसूचित निर्णयहरू गर्न सक्छ । सही र सुसूचित निर्णयको माध्यमबाट सामाजिक तथा वित्तीय समस्या समाधान गर्न यस शिक्षाले सिकाउने हुनाले पनि यसको औचित्य पुष्टि हुन्छ ।

यस मोडलले सामाजिक तथा वित्तीय शिक्षालाई बालकेन्द्रित प्रक्रियाबाट सिकाउन अभिप्रेरित गर्छ । यसको पाठ्यक्रमले सामाजिक जिम्मेवारी बहन गर्न र वित्तीय व्यवहार सम्बन्धी सक्षमता हासिल गर्न अग्रसर गराउँछ । यस मोडलले यस्तो ढाँचा प्रस्तुत गर्छ, जसले बालकेन्द्रित प्रक्रियाबाट बालअधिकार र जिम्मेवारी तथा सामाजिक र अन्य व्यवहार बालबालिकाले सजिलै सिक्दछन् । विद्यालय बचत कार्यक्रम तथा उद्यममा सहयात्री भएर वित्तीय तथा सामाजिक सिपहरू उनीहरूले प्रयोगात्मक कार्य गरेरै सिक्न पाउँछन् । यसको अलवा आफ्नो बारेमा बुझ्ने, आफूलाई आवश्यक पर्ने कुराहरू खोज्ने, आफू माथि नियन्त्रण गर्ने, आत्मविश्वास बढाउने आदि कुराहरूलाई पनि यस मोडलले जोड दिएको छ । आफू र आफ्नो समुदायको सामाजिक तथा वित्तीय व्यावहारहरूमा सकारात्मक परिवर्तन ल्याउने सिप र अभिवृत्ति समेत विद्यार्थीमा विकास गराउने उद्देश्य यस मोडलले लिएको छ ।

**सामाजिक तथा वित्तीय शिक्षाका सामाजिक र वित्तीय पक्षहरू सन्तुलन सम्बन्धी तलको चित्र हेरौँ र यसै अनुरुप शिक्षण सिकाइ गरौँ ।**

बालबालिकाहरूले विद्यालयमा सिकेको सामाजिक तथा वित्तीय उद्यमले एकातर्फ उनीहरूलाई सकारात्मक, नैतिक, चरित्रवान र सुरक्षित हुन सिकाउँछ भने अर्कोतर्फ आय आर्जन गर्ने सिपहरू समेत सिकाउँछ । यी सिपहरूले स्थानीय समुदायमा महत्त्वपूर्ण प्रभाव पार्न सक्छन् । बालअधिकार र जिम्मेवारी सम्बन(धी कुराहरूमा सचेत रही उनीहरूको संरक्षण गर्न बालबालिकाहरू सक्षम बन्ने छन् । बाल शोषण, उत्पीडन, दमन र हिंसाबाट बच्न उनीहरूले गर्नुपर्ने प्रयासहरू सम्बन्धमा पनि उनीहरूले यस मोडलमा अभ्यास गर्न पाउनेछन् ।




# सामाजिक तथा वित्तीय शिक्षाका पाँचओटा मूख्य क्षेत्र

१) **आफ्नो बारेमा बुझाइ र खोज :**

यसबाट वित्तीय शिक्षाको पहिलो क्षेत्र सुरू हुन्छ । बालबालिकालाई आफू र आफ्नो बारेमा बुझ्ने प्रशस्त अवसरहरू दिनुपर्छ । म पनि सक्षम छु र सक्षम हुनु पर्छ भन्ने आत्मविश्वास बढाउने खालका क्रियाकलापहरू उनीहरूलाई गराउनु पर्छ । प्रत्येक व्यक्ति आफैंमा भिन्न र विशेष हुन्छ । यस्तो विशेषता नै मानवको मौलिकता हो । बालबालिकालाई सिकाइ वातवरणमा उनीहरूको मौलिकता पहिचान गर्न र एक अर्कोको फरक पनलाई स्वीकार गर्न प्रशस्त अवसरहरू दिनुपर्छ । यस्ता अवसरहरूबाट उनीहरूले एक अर्को बिच सहअस्तित्वको स्वीकार गर्न सिक्छन् । सत्य कुरालाई काल्पनिकसँग अलग गर्ने, विचार गर्ने, पत्ता लगाउने र कार्यान्वयनमा ल्याउने जस्ता व्यवहारहरू प्रस्तुत गर्न लगाउनु पर्छ । यस्तै आफ्नो जीवनलाई आफैंले निर्देशित गर्न सिक्नु पर्छ भन्ने कुराहरू बाल सामाजिक तथा वित्तीय शिक्षाको यस क्षेत्रले प्रष्ट पार्दछ ।



२) **अधिकार र जिम्मेवारी :**



संयुक्त राष्ट्र संघ, बालअधिकार महासन्धिमा नेपालले हस्ताक्षर गरिसकेको छ । बालअधिकारको व्यवस्था गरिएको छ भन्ने कुरा सबै बालबालिकाले बुझुन् भन्ने कुरा हामीले मनन् गर्नुपर्छ । सबैलाई बराबर हुने अधिकारहरू बालबालिकाले भोग गरुन् भन्ने कुराहरू हामीले मनन् गर्नुपर्छ । धार्मिक वा राजनीतिक दृष्टिकोणबाट विश्वलाई हेर्ने हाम्रो नजर फरक पर्न सक्ला तर बालअधिकार महासन्धिले तोकेका बालअधिकार बारेमा सबैको दृष्टि एउटै हुनुपर्छ । बालबालिकाले आफ्ना अधिकारहरू कसैबाट पनि खोसिनु हुँदैन भन्ने कुरा सिक्नु अनिवार्य हुन्छ । बालबालिकालाई बालअधिकारका कुरा सिकाउँदा प्रत्येक अधिकार सँग सँगै त्यसप्रति उनीहरूको जिम्मेवारी पनि छ भन्ने कुरामा होसियारी अपनाउनु पर्छ । उदाहरणका लागि *पढ्न पाउने उनीहरूको अधिकार हो* भने मेहनत गरेर पढ्नु उनीहरूको जिम्मेवारी हो । त्यस्तै *खेल्न पाउने उनीहरूको अधिकार हो भने सुरक्षित भएर खेल्नु जिम्मेवारीको पाटो हो । खान पाउने उनीहरूको अधिकार हो भने खानेकुरा कत्ति पनि नफाल्नु उनीहरूको जिम्मेवारी* हुन आउँछ ।

३) **बचत र खर्च :**




बालबालिकाहरूलाई पैसाका साथ साथै खानेकुरा, समय, पानी र अरू प्राकृतिक स्रोतहरू खेर नजाने गरी उपयोग गर्ने र यिनीहरूलाई बचत गर्नुपर्छ भन्ने कुरा महसुस गराउनु पर्छ । बचत गर्ने अनुशासन सिकाउन सानोतिनो रकम नियमित रूपमा बचत गर्न लगाउनु पर्छ । बचत गर्नुको मतलब उनीहरूलाई लखपति बन्न प्रोत्साहन गर्नु होइन । यो त आफू बढ्दै जाँदा आफ्नो हेरविचार पुऱ्याउन

सजिलो हुने अनुशासन हो भन्ने कुरा सिकाउनु पर्छ । खर्च गर्दा उनीहरूले आवश्यकता र चाहना छुट्याएर आवश्यकतामा मात्र खर्च गर्ने बानी बसाल्नासाथ बचतलाई प्रोत्साहन हुने कुरा हामीले उनीहरूलाई प्रष्ट्याउनु पर्छ ।

४) **योजना र बजेट :**

यदि हामी विद्यार्थीलाई बचत गर्न सिकाउँछौं भने आम्दानी र खर्चका महलहरू भरेर सामान्य वित्(तीय अभिलेख राख्ने कुराहरू पनि सिकाउनु पर्छ । योजना र बजेटले विद्यार्थीलाई बचत गर्ने उद्देश्य सिकाउँछ । यस अन्तर्गत उनीहरूले समय, पानी, बिजुली, खाना आदि स्रोतहरूको सदुपयोगलाई पनि व्यवस्थित गर्न सिक्छन् ।

| **आम्दानी** | | | **व्यय** | | | **कैफियत** |
|---|---|---|---|---|---|---|
| **मिति** | **शीर्षक** | **रकम** | **मिति** | **शीर्षक** | **रकम** | |
| २०७१।१०।१० | आमाबाट खाजाका लागि प्राप्त | रू. ५० | २०७१।१०।१० | खाजा खर्च | रू. ३० | रू. २० बचत |
| २०७१।१०।११ | ........ | ............. | २०७१।१०।११ | ....... | ....... | |

५) **बाल सामाजिक तथा वित्तीय उद्यम :**

१. **सामाजिक उद्यम** : समाजमा भएका विभिन्न समस्याहरू समाधान गर्ने कार्यक्रम हो । यस अन्तर्गत समाजसँग प्रत्यक्ष सम्बन्ध राख्ने अभियानहरू, वहस, छलफल, बादविवाद, आदि कार्यक्रमहरू पर्दछन् । यस्ता कार्यक्रमहरूले व्यक्ति वा समूहको क्षमता अभिवृद्धि गर्दछ । समाजको उत्थानका लागि गरिने यस्ता कार्यक्रमहरूलाई सामाजिक उद्यम भनिन्छ । यस्ता उद्यम सामूहिक तवरले सञ्चालन गर्नु उपयुक्त हुन्छ । सामाजिक उद्यमशीलता सामाजिक सवालहरूसँग सम्बन्धित हुन्छ । समाजमा विद्यमान कुरिती तथा नकारात्मक संस्कारहरूलाई परिवर्तन गर्नु हामीहरूको दायित्व र कर्तव्य हुन आउँछ । विद्यालयमा यस्ता कार्यक्रमहरू सञ्चालन गर्न केही रकमको आवश्कता पर्दछ । यस्ता क्रियाकलापहरू कसैको आर्थिक सहयोग र अनुदानबाट गर्न सकिन्छ ।




२. **आर्थिक उद्यम** : व्यक्तिगत तथा सामूहिक रूपमा नाफा कमाउने उद्देश्य राखेर सञ्चालन गरिएको व्यापार वा व्यवसायलाई आर्थिक उद्यम भनिन्छ । यसमा वस्तुको उत्पादन र बिक्री वितरण गर्ने गरिन्छ ।

३. **सामाजिक तथा वित्तीय उद्यम** : कुनै पनि काम सामाजिक तथा आर्थिक तवरले हित वा नाफा हुने गरी सञ्चालन गरिन्छ भने त्यसलाई सामाजिक तथा वित्तीय उद्यम भनिन्छ । यस प्रकारका कामले समुदाय र वातावरण सुधार गरी अर्थोपार्जन पनि गरेको हुन्छ । उदाहरणका लागि दैनिक भान्सामा थुप्रिने सड्ने खालका फोहोरलाई खाडल खनी गाड्ने र त्यसबाट उत्पादित मल करेसाबारीमा प्रयोग गरी तरकारी उत्पादन गर्ने वा अन्य कृषकलाई त्यो मल बेचेर आम्दानी गर्ने कामलाई लिन सकिन्छ । यस्तो काम आ-आफ्नो टोलको फोहोर सङ्कलन गरेर पनि गर्न सकिन्छ । यसले एकातिर वातावरणलाई सफा र स्वाच्छ राख्न मद्दत गर्दछ भने अर्कोतिर नगद आम्दानी पनि गराउँछ ।


बालबालिकाहरूलाई विद्यालयमा सानोतिनो सामाजिक तथा वित्तीय उद्यम सञ्चालन गर्न प्रोत्साहन दिनुपर्छ । यसलाई परियोजनाका समय अवधिमा सञ्चालन गर्नुपर्छ । सामाजिक परियोजना भन्नाले

विद्यार्थी, विद्यालय र समुदायायलाई राम्रो हुने, यिनीहरू सुरक्षित हुने र स्वस्थ हुने कुनै पनि कार्यक्रमहरू हुन सक्छन् । उदाहरणका लागि विद्यालय वरिपरि वृक्षारोपाण गर्ने कार्यलाई लिऔं । यसले छहारी, एकान्त गर्ने स्थल र फल दिन सक्छ । धूमपान, मद्यपान तथा लागुऔषधका साथै बाल हिंसा र गालीगलोज विरूद्धका अभियान सञ्चालन गर्ने परियोजना पनि यस अन्तर्गत पर्न सक्छ । वित्तीय उद्यमले सानातिना आय आर्जन हुने परियोजनालाई प्रस्ताव गर्छ । पाउरोटी बनाउने र बेच्ने, कुखुरा पालन गर्ने र अण्डा बेच्ने, तरकारी खेती गर्ने र बजारमा बेच्ने जस्ता परियोजनाहरू यस अन्तर्गत सञ्चालन गर्न सकिन्छ ।

यस विषय (बाल सामाजिक तथा वित्तीय शिक्षा) अन्तर्गतका यी ५ ओटा क्षेत्रहरू एक आपसमा सम्बन्धित छन् । यिनीहरूको उत्तिकै महत्त्व पनि छ । यिनीहरू मध्ये कुनै एकको पनि अभावमा सामाजिक तथा वित्तीय शिक्षा अपुरो हुन्छ । यो तथ्य तलको साङ्गठानिक ढाँचाले अझ प्रष्ट पार्दछ :

## क्षेत्र र पाठहरूको साङ्गठानिक ढाँचा

सामाजिक तथा वित्तीय शिक्षाका ५ ओटा क्षेत्रभित्र यसका मुख्य शीर्षक र पाठहरूलाई निम्नानुसार समावेश गरिएको छ :




| आफ्नो बारेमा बुझाइ र खोज | अधिकार र जिम्मेवारी | बचत र खर्च | योजना र बजेट | सामाजिक तथा वित्तीय उद्यम |
|---|---|---|---|---|
| लक्ष्य निर्धारण<br>४ ओटा पाठ | बालअधिकार र जिम्मेवारी<br>४ ओटा पाठ | वित्तीय कारोवार<br>३ ओटा पाठ | योजना तर्जुमा<br>३ ओटा पाठ | उद्यमशीलता<br>३ ओटा पाठ |
| म र मेरो विश्व<br>३ ओटा पाठ | आर्थिक अभियन्ताका रूपमा महिला<br>४ ओटा पाठ | बचत<br>३ ओटा पाठ | | |
| वित्तीय निर्णय प्रक्रिया<br>३ ओटा पाठ | उपभोक्ता शिक्षा<br>४ ओटा पाठ | प्रयोगात्मक कार्य<br>१ ओटा पाठ | | |
| नेतृत्व विकास र समूह कार्य<br>३ ओटा पाठ | पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली<br>३ ओटा पाठ | | | |
| | आफ्नो र अरूको सुरक्षा<br>३ ओटा पाठ | | | |
| | अवैध कार्य<br>२ ओटा पाठ | | | |

**बाल सामाजिक तथा वित्तीय शिक्षाको प्रस्तावित पाठ्यक्रम**

बाल सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी शिक्षण - सिकाइ कक्षा ९-१० मा सञ्चालन गर्नका लागि विद्यमान परिमार्जित पाठ्यक्रममा सहयोग पुगोस् भन्ने अभिप्रायले पाठ्यक्रम विकास केन्द्रका विज्ञसहितको संलग्नतामा निम्नानुसारको पाठ्यक्रम विकास गरी परीक्षणको लागि तयार गरिएको छ। यस सम्बन्धी विद्यार्थी सिकाइ क्रियाकलापहरू सञ्चालन गर्दा यही पाठ्यक्रमलाई आधार बनाएर सञ्चालन गर्नु राम्रो हुन्छ। यो पाठ्यक्रम त्यसैको लागि राखिएको हो।

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| १. | आफ्नो बारेमा बुझाइ र खोज | लक्ष्य निर्धारण | आफ्ना भविश्यको लक्ष्य निर्धारण गरी कार्यान्वयनमा ल्याउन। | • लक्ष्य के हो ? लक्ष्य निर्धारण किन ? लक्ष्य निर्धारणका आधारहरू, लक्ष्यमा पुग्ने बाटाहरू, बाधा अड्चनहरू, लक्ष्य निर्धारण, योजना अनुसार लक्ष्यमा पुग्न निरन्तर अभ्यास आदि। |
| २. | | म र मेरो विश्व | विश्वमा आफ्नो स्थान पहिचान गरी अरूको स्थानसँग सम्बन्ध विस्तार गर्न। | • विश्व समुदायमा हाम्रो स्थान<br>• अरूले गरेका राम्रा कामको अनुकरण<br>• विश्व समुदायसँग आपसी सम्बन्ध |
| | | | वातावरण सुधार तथा संरक्षण गर्नका लागि चाल्नुपर्ने कदमहरू निर्धारण गर्न। | • वातावरण सुधार तथा संरक्षणका आधारभूत उपायहरू (वनजङ्गल, नदीनाला, हिमाल, सिमसार, जमिन, खनिज आदि)-सही उपयोग, बृक्षारोपण, जलवायु परिवर्तन आदि। |
| ३ | | वित्तीय निर्णय प्रक्रिया | समालोचनात्मक सोचाइ प्रक्रिया अपनाई वित्तीय मामिला सम्बन्धी निर्णय गर्न। | • वित्तीय मामिला सम्बन्धी निर्णय (ऋण लिने, सापटी दिने, खर्च गर्ने, लगानी गर्ने, ब्यवसाय सञ्चालन गर्ने आदि) मा समालोचनात्मक सोचाइ<br>• निश्चित ढाँचामा रही वित्तीय निर्णय गर्न |
| ४ | | नेतृत्व विकास र समूहकार्य | प्रभावकारी नेतृत्व र समूहकार्य सम्बन्धी सिप विकास गरी कार्यान्वयनमा ल्याउन। | • नेतृत्व के हो ? असल नेतृत्वका गुणहरू, समूहकार्यका आधारभूत सिपहरू, समूह कार्यमा नेतृत्व |

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| ५ | अधिकार र जिम्मेवारी | बाल अधिकार | बाल अधिकारको पैरवी गर्न र यिनीहरूको संरक्षण गर्न । | • बाल अधिकार र कर्तव्य<br>• बालअधिकारका आधाभूत सिद्धान्तको परिचय<br>♣ बाच्न पाउने अधिकार<br>♣ सुरक्षा पाउने अधिकार<br>♣ विकास सम्बन्धी अधिकार<br>♣ सहभागिताको अधिकार<br>• बाल अधिकारको पैरवी<br>• बाल अधिकार संरक्षण |
| ६ | | आर्थिक अभियन्ताका रूपमा महिला | आर्थिक अभियन्ताका रूपमा महिलाको भूमिकालाई स्वीकार गर्न । | • आर्थिक अभियन्ताका रूपमा महिला<br>• पारिवारिक बजेट र महिला, महिला उद्यमशीलता |
| ७ | | उपभोक्ता शिक्षा (अधिकार र दायित्व) | सुसूचित र जिम्मेवार उपभोक्ताको भूमिका निर्वाह गर्न । | • उपभोक्ताको परिचय, उपभोक्ताको भूमिका र उत्तरदायित्व, उपभोक्ता ऐन कानुन, वस्तु तथा सेवा किनमेल गर्दा ध्यान दिनुपर्ने कुराहरू |
| | | | अनियमित उत्पादन र सेवाहरूको बारेमा उजुरी गर्न । | • अनियमित उत्पादन र सेवाहरूको परिचय (घरेलु रक्सी बनाउने र बेच्ने, निषेधित दबाइ बिक्री गर्ने, गाँजा र अफिम उत्पादन तथा बेचबिखन गर्ने, मिसावट, विषाधीको अत्याधिक प्रयोग, हानिकारक रसायनयुक्त श्रृङ्गार सामग्री आदि)<br>• अनियमित उत्पादन र सेवाहरूको कानुनी ब्यवस्था तथा उजुरी |
| | | | अनावश्यक रूपमा विज्ञापन गरिएका सामग्रीहरूबाट सचेत रही यस्ता सामग्रीहरूमा खर्च गर्न बाट जोगिन । | • विज्ञापन के हो र किन गरिन्छ ?<br>• विज्ञापन गरिएका अनावश्यक तथा कम गुणस्तरीय सामग्रीबाट सचेत रहन र त्यस्ता सामग्रीमा भरसक खर्च नगर्न |
| ८ | | पर्यावरणप्रति जिम्मेबार तथा मितव्ययी जीवनशैली | पर्यावरणप्रति जिम्मेवार तथा मितव्ययी जीवनशैली यापन गर्न । | • मानव जीवनामा पर्यावरणको प्रभाव<br>• पर्यावरणप्रति मानव जिम्मेवारी<br>• मितव्ययी जीवनशैली |

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| ९ | | आफ्नो र अरुको सुरक्षा | आफ्नो र अरुको सुरक्षामा सचेत रही सो अनुरूप कार्य गर्न । | • बाल हिंसा र दुर्व्यबहार<br>• लान्छना तथा भेदभाव<br>• बाल हिंसा, दुर्व्यबहार आदिबाट आफू सुरक्षित रहन र अरूको पनि सुरक्षामा सचेत रहने उपायहरू |
| १० | | अवैध कार्य | अवैध कार्यबाट हुने जोखिमहरू पहिचान गरी त्यस्ता कार्य नगर्ने तर्फ आत्मसात गर्न र अरूलाई पनि यस्ता काम नगर्नका लागि सुझाब दिन । | • अबैध कार्य (लागूऔषध सम्बन्धी व्यापार, तस्करी, मानव बेचविखन आदि)<br>• अवैध कार्यबाट हुने जोखिमहरू<br>♣ कानुनी सजाय,<br>♣ सामाजिक बहिस्कार<br>♣ कुलतमा फस्ने<br>♣ पारिवारिक झैझगडा आदि । |
| ११ | बचत र खर्च | वित्तीय प्रणाली र वित्तीय उपकरण | वित्तीय सङ्घसंस्था-सहकारी तथा विमा आदि सम्बन्धी जानकारी हाँसिल गर्न । | • वित्तीय सङ्घसंस्था-सहकारी र विमा आदिको परिचय र महत्त्व |
| | | | विभिन्न वित्तीय उपकरणहरूसँग परिचित भई प्रत्येक उपकरण जस्तै-, बचत, ऋण, बिमा आदिका जोखिम तथा फाइदा पहिचान गर्न । | • वित्तीय उपहरणहरू (बैंक, मुद्रा, पूँजी बजार, शेयर, ऋणपत्र, मिच्युयल फन्ड, लघू वित्त) सम्बन्धी सामान्य परिचय<br>• बचत, ऋण, सापटी सम्बन्धी आधारभूत जानकारी<br>• वित्तीय कारोबारमा आइपर्न सक्ने जोखिम र फाइदाहरू<br>• पैसा, पानी, बिजुली, घाँस-दाउरा, खानेकुरा आदिको सही उपभोग गरी बचत गर्न |
| | | | आम्दानी, खर्च, लगानी र बिप्रेषणको सामान्य अवधारणासँग परिचित हुन । | • आम्दानी, खर्च, लगानी र बिप्रेषणको परिचय तथा महत्त्व |
| १२ | योजना र बजेट | योजना तर्जुमा | सबै क्रियाकलाप सञ्चालनका लागि योजनाका आवश्यक पक्षहरू समावेश गरी समूहमा योजना बनाउन । | • योजना के हो ? योजना किन बनाउनु पर्छ ? सफल योजनाका पक्षहरू, योजना तर्जुमाका चरणहरू<br>• नमुना योजनाको ढाँचा<br>• सान्दर्भिक योजना निर्माण |
| | | | समूहमा सामाजिक परियोजना कार्य सञ्चालन गर्न । | • परियोजनाको परिभाषा, परियोजना सञ्चालन प्रक्रिया, समूहमा परियोजना सञ्चालन गर्दाका फाइदाहरू, नमुना परियोजनाको ढाँचा, परियोजना कार्यमा संलग्नता |

| क्र सं. | मुख्य क्षेत्र | सिकाइ क्षेत्रहरू | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि/विषयवस्तु) |
|---|---|---|---|---|
| १३ | बाल सामाजिक तथा वित्तीय उद्यम | उद्यमशीलता | उद्यमीका मुख्य विशेषता पहिचान गरी सफल उद्यमी बन्ने तरिका पहिचान गर्न । | • सफल उद्यमीका विशेषताहरू<br>• सफल उद्यमी बन्ने तरिकाहरू |
| | | | बजारको आवश्यकता हेरी ब्यवसायको आधारभूत योजनाको नमुना खाका तयार गर्न । | • बजारको आवश्यकता पहिचान<br>• बजार र ब्यवसाय बिचको सम्बन्ध |

# १. सहभागी नाम दर्ता

| दिन : पहिलो | सत्र : प्रथम | समय : १५ मिनेट |
|---|---|---|

**परिचय :**

सामाजिक तथा वित्तीय शिक्षा प्रशिक्षक⁄शिक्षक तालिमका सहभागीहरूको अभिलेखका लागि यो क्रियाकलाप समावेश गरिएको हो । तालिममा भाग लिन आउँदा सहभागीहरूले सम्बन्धित निकायबाट ल्याउनुभएको पत्रहरू पनि नाम दर्ताको समयमा बुझाउनु पर्ने हुन्छ ।

**प्रक्रिया :**

- सादा पानामा तलको तालिका बनाएर सहभागीहरूको नाम दर्ता गराउनुहोस् ।
- नाम दर्ता भइसकेपछि टाइप गरी फोटोकपी गरेर सबैलाई एक एक प्रति उपलब्ध गराउने व्यवस्था मिलाउनुहोस् ।

| क्र.सं. | नाम थर | ठेगाना (कार्यालय⁄विद्यालय) | सम्पर्क नं. | इमेल |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

# २. सहभागी परिचय :

| दिन : पहिलो | सत्र : पहिलो | समय : ३० मिनेट |
|---|---|---|

**परिचय :**

तालिममा सहभागी हुने साथी र सहजकर्ताहरूका बिच एकआपसमा परिचित हुनु अनिवार्य हुन्छ । परिचयको क्रियाकलाप रोचक, सहभागितामूलक र सहभागी केन्द्रित हुन जरूरी हुन्छ ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

१. तालिमका सहभागी र सहजकर्ता समूहका सबै साथीहरूको नाम बताउन,

२. तालिम अवधिभर सबैसँग मिलिजुली काम गर्न,

३. साथीहरूको रुचि, विषय क्षेत्र, क्षमता सम्बन्धी कुराहरूबारे जानकारी लिन ।

**प्रशिक्षण सामग्री :**

- A4 साइजको पेपर, साइनपेन, इरेजर, बाइन्डिङ टेप, चार्टपेपर, कैंची, स्टिच, मार्कर पेन ।

**पूर्वतयारी :**

आवश्यक सामग्रीहरूको व्यवस्था मिलाउनुहोस् । परिचय पुस्तकको कभर पेज बनाइराख्नुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

- सबै जनालाई एक एक ओटा एफोर साइजको पेपर र सिसाकलम लिन भन्नुहोस् ।

- पेपरलाई आधा पारी माथिल्लो भागमा एउटा ठुलो घडीको चित्र बनाउन भन्नुहोस्। घडीमा सुइ र १ देखि १२ सम्मका अङ्क पनि राख्न भन्नुहोस्।
- तलको भागमा चित्रमा देखाए जस्तै : नाम, संस्था, योग्यता, अनुभव, रुचि, तालिमबाट सिक्न चाहेका कुरा आदि लेख्न भन्नुहोस्।




- घडी लिएर कुनै एउटा साथी भेट्न भन्नुहोस्। साथीसँग समय माग गरेर घडीको कुनै एउटा अङ्कमा साथीको नाम लेख्न लगाउनुहोस्। साथीका घडीको त्यही नम्बरमा उहाँको नाम पनि लेख्न लगाउनुहोस्। अर्को साथीलाई भेट्न भन्नुहोस्। उहाँसँग पनि समय मागेर घडीको अर्को अङ्कमा उहाँको नाम लेखेर त्यही अङ्कमा आफ्नो पनि नाम लेखाउनु पर्ने कुरा बताउनुहोस्।
- यसरी क्रमैसँग घडीको १२ ओटै अङ्कमा फरक-फरक साथीहरूको नाम लेख्न र आफ्नो नाम पनि १२ जना साथीका घडीका फरक फरक अङ्कमा लेखाउन भन्नुहोस्।
- घडीको कुनै एउटा अङ्क भनेर त्यस अङ्कमा नाम लेखिएका जोडीलाई सँगै बस्न लगाउनुहोस्। साथीको घडी लिएर तोकिएको ढाँचामा उहाँको परिचय लेख्न लगाउनुहोस्।
- दुई दुई जनाको जोडी पालैपालो अगाडि आएर साथीको परिचय बारेमा भन्न लगाउनुहोस्।
- सबैको पाना जम्मा गर्नुहोस्। कभर पाना राखेर पुस्तक तयार पार्नुहोस्। पुस्तक देखाएर तपाईं आफैंले त्यसको विमोचन गर्नुहोस्।

**प्रतिविम्बन :**

- नाम खेल खेलाएर सबैलाई सबैको नाम भन्न लगाउनुहोस्।

**तलका प्रश्नहरू गर्दै साथीहरूसँग अन्तरक्रियात्मक छलफल गर्नुहोस् :**

- तपाईंहरूलाई यो परिचयको क्रियाकलाप कस्तो लाग्यो ?
- यस्ता क्रियाकलापबाट विद्यार्थीहरूमा के कस्ता सिपहरू विकास हुन्छन् ?
- यस क्रियाकलापमा यहाँहरूको केही सुझावहरू छन् कि ?

# ३. उद्घाटन सत्र

| दिन : पहिलो | सत्र : पहिलो | समय : ३० मिनेट |
|---|---|---|

**परिचय :**

यस कार्यक्रमको उद्घाटन सहभागी केन्द्रित हुनेछ । तालिम हलमा उपस्थित सबैको सहभागितामा यो कार्यक्रम सम्पन्न हुनेछ । उद्घाटन पछि उद्घाटनकर्ता र अरू केही पाहुनाहरूबाट मन्तव्य प्रकट हुनेछ ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनुहुनेछ :**

- उद्घाटनका नियमहरू पालना गर्न ।
- उद्घाटन गर्ने तरिका बताउन ।

**प्रशिक्षण सामग्री :**

- पानस, बत्ती, सलाई, कागजका टुक्रा ।

**पूर्वतयारी :**

- उद्घाटनका लागि व्यानर तयार गर्नुहोस् । पानस, बत्ती, सलाई, कागजका टुक्राको व्यवस्था गर्नुहोस् । कागजका टुक्राहरू मध्ये एउटामा "पानसमा बत्ती बालेर उद्घाटन गर्नुहोस्" लेख्नुहोस् । अरूमा "उद्घाटन हुँदा उठेर ताली बजाउनुहोस्" लेख्नुहोस् । यो अभिव्यक्ति लेखिएका टुक्राहरू सबै सहभागीहरूलाई पुग्ने गरी हुनुपर्छ ।

**प्रशिक्षण क्रियाकलाप :**

- तालिम हलको अगाडि पट्टि टेवलमा पानस (तेल बत्ती राखेर) राख्नुहोस् । एउटा सलाईको बट्टा पनि राख्नुहोस् ।
- अघी तयार गरेका कागजका टुक्राहरू सबैलाई एक एक ओटा वितरण गर्नुहोस् । खोलेर मनमनै पढ्न भन्नुहोस् ।
- सबैले पढिसकेपछि आफूलाई गर्नु भने अनुसारको कार्य गर्न भन्नुहोस् । एक जना अगाडि आएर उद्घाटन गर्नुहुने छ । बाँकी सहभागीहरूले उठेर ताली बजाउनु हुने छ ।
- उद्घाटन भए लगतै २/३ जना पाहुनाहरू र उद्घाटनकर्तालाई मन्तव्य व्यक्त गर्न लगाउनुहोस् ।

**प्रतिविम्बन :**

- सहभागीहरूलाई निम्नानुसार प्रश्न सोध्नुहोस् :
  - उद्घाटन सत्र यहाँहरूलाई कस्तो लाग्यो ?
  - यसरी उद्घाटन गर्दा कुन कुन सामग्रीहरूको प्रयोग गरियो ?
  - यस्तो उद्घाटन प्रक्रियाको महत्व के छ ?

# ४. तालिमको परिचय र उद्देश्य

| दिन : पहिलो | सत्र : पहिलो | समय : १५ मिनेट |
|---|---|---|

**परिचय :**

यय कार्यक्रमको नाम 'सामाजिक तथा वित्तीय शिक्षा हो । तालिम यसै कार्यक्रमसँग सम्बन्धित छ । यो तालिम आवासीय रूपमा ३ दिनसम्म सञ्चालन हुनेछ । यसमा सामाजिक तथा वित्तीय शिक्षाको संक्षिप्त परिचय गराइने छ । विद्यार्थी सिकाइ क्रियाकलाप र शिक्षक निर्देशिकाको सम्बन्धमा अभ्यास गराइने छ । यस भित्रका केही पाठका क्रियाकलापहरूमा नमुना तथा अभ्यास शिक्षण पनि गराइने छ । यस अवधिमा सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी सचेतना र प्रयोगात्मक कार्य पनि गराइने छ ।

**उद्देश्य : यय क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- तालिम कार्यक्रसँग परिचित हुन ।
- तालिमको उद्देश्य बताउन ।

**प्रशिक्षण सामग्री :**

- पावरप्वाइन्ट प्रस्तुतीकरणका लागि आवश्यक सामग्री ।

**पूर्वतयारी :**

- प्रस्तुतीकरणका लागि सामग्री तयार गर्नुहोस् । प्रोजेक्टर, कम्प्युटर आदि विद्युतीय सामग्री तयारी अवस्थामा राख्नुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

- तालिम कार्यक्रमको परिचय र उद्देश्य पावरप्वाइन्टबाट देखाउँदै प्रष्ट्याउनुहोस् । सहभागीहरूको प्रश्न तथा थप जिज्ञासा भएमा प्रष्ट पार्ने प्रयास गर्नुहोस् ।

**प्रतिविम्बन :**

- ३/४ जनालाई स्वयम्सेवी रूपमा यस सत्रमा सिकेका कुराहरू भन्न लगाउनुहोस् ।

# ५. सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको परिचय र उद्देश्य

| दिन : पहिलो | सत्र : पहिलो | समय : १५ मिनेट |
|---|---|---|

**परिचय :**

सामाजिक तथा आर्थिक रूपले सक्षम व्यक्तिलाई समाजले एउटा असल नागरिकको रूपमा लिने गरेको पाइन्छ । बालबालिका तथा किशोर किशोरीहरूलाई सामाजिक तथा आर्थिक रूपले सक्षम बन्नका लागि आवश्यक ज्ञान, सिप र धारणा विकास गराउनु पर्ने आजको आवश्यकता हो । त्यसैले विद्यालय तहदेखि नै बालबालिका तथा किशोर किशोरीहरूलाई सामाजिक व्यवहार र वित्तीय कारोबार सम्बन्धी जानकारी गराउन यी विषयहरू समावेश गरिएको हो । समाजमा समायोजन भएर बाँच्नका लागि सामाजिक सिप र आर्थिक रूपले सक्षम हुनका लागि वित्तीय कारोबार सम्बन्धी सिप अनिवार्य हुन्छ ।

सामाजिक व्यवहार अन्तर्गत लक्ष्य निर्धारण, नेतृत्व विकास, अधिकार र कर्तव्य, महिला सशक्तीकरण, सरसफाइ तथा वातावरण संरक्षण, विश्वव्यापीकरण, आदि जस्ता विषय पर्दछन् । त्यस्तै वित्तीय शिक्षा अन्तर्गत व्यवसायहरू, बैंकिङ कारोबार, सेयर, बिमा, बिप्रेषण पारस्परिक कोष (Mutual funds) बचत, विदेशी विनिमय दर, कर्जा आदि जस्ता विषयहरू पर्दछन् । विषय फरक जस्तो देखिएता पनि दुवै विषयलाई समाहित रूपमा प्रस्तुत गरिएको छ ।

यसका लागि विद्यार्थी क्रियाकलाप र शिक्षक निर्देशिका समेत विकास गरिएको छ । यी र यस्ता विषय सम्बन्धी ज्ञान, धारणा र सिप कक्षा क्रियाकलापको माध्यमबाट विद्यार्थीहरूमा र विद्यार्थीहरूको माध्यमबाट घरपरिवार तथा समुदायमा जान सक्छन् ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

१. माध्यमिक तहमा यो विषय राखिनुको औचित्य बताउन,

२. सामाजिक तथा वित्तीय शिक्षाले माध्यमिक तहका बालबालिका तथा समाजमा पार्ने सकारात्मक प्रभाव बताउन ।

**पूर्व तयारी :**

- तालिम परिचय र उद्देश्यको प्रस्तुतीकरणका लागि सामग्री तयार गर्नुहोस् । हाते पत्र (Hand outs) को फोटोकपी पनि ठिक पार्नुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

- सामाजिक तथा वित्तीय शिक्षा कार्यक्रमको परिचय र उद्देश्य पावरप्वाइन्टबाट देखाउँदै प्रष्ट्याउनुहोस् । सहभागीहरूको प्रश्न तथा थप जिज्ञासा भएमा प्रष्ट पार्ने प्रयास गर्नुहोस् ।

**प्रतिविम्बन :**

- सत्रको अन्त्यमा केही सहभागीहरूलाई स्वयम्सेवी रूपमा यस क्रियाकलापबाट सिकाइ भएका कुराहरू भन्न लगाउनुहोस् ।
- सामाजिक तथा वित्तीय शिक्षा विषय माध्यमिक तहमा किन आवश्यक छ ? जीवनमा लक्ष्य निर्धारण किन गर्नुपर्छ ? वित्तीय कारोवार भन्नाले के बुझिन्छ ? उद्यमशीलता भनेको के हो ? बाल अधिकारको संरक्षण कसरी गर्न गर्नुभएको छ ? आदि जस्ता प्रश्नहरू पालैपालो ठुलो समूहमा सोध्नुहोस् र व्यक्तिगत रूपमा केही सहभागीहरूलाई उत्तर भन्न लगाउनुहोस् ।

# ६. सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी आधारभूत जानकारी (पूर्व जानकारी, सिक्न चाहेका कुरा, मूख्य क्षेत्रहरू, पैसा र कोसे ढुङ्गा)

| दिन : पहिलो | सत्र : दोस्रो | समय : २ घन्टा |
|---|---|---|

**परिचय :**

**१ पूर्व जानकारी र सिक्न चाहेका कुरा**

सहभागीहरूलाई सामाजिक तथा वित्तीय शिक्षा बारेमा यस अधि कति थाहा छ ? यस तालिमबाट उहाँहरू केके सिक्न चाहनु हुन्छ ? तालिम पछि उहाँहरूले सिकेका कुराहरूलाई कसरी लिनु हुन्छ भन्ने कुराहरूमा सामूहिक कियाकलाप गराउनका लागि यो शीर्षक राखिएको हो ।

**२. मुख्य क्षेत्रहरू**

सामाजिक तथा वित्तीय शिक्षाका विषयवस्तुहरूलाई पाँच क्षेत्रमा बाँडिएको छ । आफ्नो बारेमा बुझाइ र खोज, अधिकार र जिम्मेवारी, बचत र खर्च, योजना र बजेट र सामाजिक तथा वित्तीय उद्यम यसका मुख्य क्षेत्रहरू हुन् । यी क्षेत्रहरू सम्बन्धी धारणाहरू सहभागी केन्द्रित विधिद्वारा अभ्यास गराउन यो शीर्षक यहाँ समावेष गरिएको हो ।

**३. पैसा र कोशे ढुङ्गा**

यस अन्तर्गत पैसा सम्बन्धी कारोबार कुन उमेरबाट गर्न थालेको हो ? कुन उमेरमा सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी ज्ञान, धारणा र सीप सिक्नु पर्छ  भन्ने कुरा प्रष्टयाउन यहाँ यस सम्बन्धी अभ्यास गराउन खोजिएको हो । माध्यमिक तहमा यो विषय अनिवार्य हुन्छ भन्ने कुरा पनि यसले प्रष्टयाउने छ ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- सहभागीहरूका सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी पूर्व जानकारी र अपेक्षा सङ्कलन गर्ने ।
- सामाजिक तथा वित्तीय शिक्षाका मुख्य क्षेत्रहरू  बारेमा परिचित गराउने ।
- सामाजिक तथा वित्तीय शिक्षा सम्बन्धी जानकारीहरू माध्यमिक तहसम्ममा सिकि सक्नुपर्ने कुराको औचित्य महशुस गराउने ।

**प्रशिक्षण सामग्री :**

क्रियाकलाप सञ्चालन प्रक्रिया अन्तर्गत तोकिएका रङका कार्डहरू तिनै रङका बलहरू, व्यवहार कार्डहरू र सिकाइ उपलब्धि कार्डहरू तयार पारिराख्नुहोस् । क्रियाकलापमा तोकिएका जानकारीहरू कार्डहरूमा लेखेर समूह कार्यका लागि आवश्यक पर्ने सङ्ख्यामा तयार पार्नुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

(क) KWL (पहिले नै जानेका, यस तालिमबाट जान्न चाहेका र तालिमको क्रममा सिकेका कुरा)

- तिन ओटा न्यूजप्रिन्ट लिने । एउटामा सामाजिक तथा वित्तीय शिक्षा बारेमा तपाईलाई के थाहा छ ? लेख्ने । अर्कोमा सामाजिक तथा वित्तीय शिक्षा बारेमा यस तालिममा केके सिक्न चाहनु हुन्छ ? भन्ने लेख्ने र तेस्रोमा सामाजिक तथा वित्तीय शिक्षा बारेमा के के सिक्नु भयो ? भन्ने कुरा लेखेर भित्तामा लहरै टाँस्ने ।

- सहभागीहरूलाई सोधेर जानेका र जान्न चाहेका कुराहरू क्रमशः पहिलो र दोस्रो न्युजप्रिन्टमा लेख्न र पढ्न लगाउने ।
- तालिमको समापन हुनु भन्दा पहिले तेस्रो न्यूजप्रिन्टमा लेख्न लगाउने ।

**(ख) मुख्य क्षेत्रहरू**

- एक एक ओटा मेटाकार्डमा सामाजिक तथा वित्तीय शिक्षाका मुख्य क्षेत्रहरू (एउटा मेटाकार्डमा एउटा क्षेत्र पर्ने गरी पाँच ओटै क्षेत्र सम्बन्धी तलका जानकारीहरू लेख्ने । सहभागीहरूलाई ५ समूहमा बसाई एउटा एउटा क्षेत्र दिएर केहीबेर पढ्न र छलफल गर्न लगाउने । त्यसपछि समूहमा सबै सहभागीहरूको १ २ ३ ... .५ मा क्रमसङ्ख्या निर्धारण गर्ने । JIGSAW प्रक्रियाबाट क्रमसङ्ख्या १ हुने जतिलाई एकठाउँमा, २, ३, ४ र ५ हुनेलाई अरू एकठाउँमा बस्न लगाएर प्रत्येक समूहमा पाँच ओटै क्षेत्र बारेमा छलफल गर्न लगाउने ।
- एउटा समूहलाई एउटा क्षेत्रका दरले नदोहोरिने गरी ठुलो समूहमा प्रस्तुत गर्न लगाउने ।

**(ग) क्षेत्रहरूको महत्त्व (महशुस खेल)**

- अलग अलग रङका ५ ओटा मेटाकार्डमा एउटा एउटा क्षेत्रको सारांश लेख्ने ।
- पाँचजना स्वयम्सेवीहरू अगाडि बोलाएर उहाँहरूका छातीमा एकएक ओटा क्षेत्रका सारांश कार्ड टाँसिदिने । सारांशहरू तल दिइएका छन् :

| | |
|---|---|
| सारांश - एक : आफ्नो बारेमा बुझाइ र खोज | सारांश - दुई : अधिकार र जिम्मेवारी |
| सारांश - तिन : बचत र बजेट | सारांश - चार : योजना र बजेट |
| सारांश - पाँच : सामाजिक तथा वित्तीय उद्यम | |

- जुनजुन रङका ५ ओटा बल (कागज मोरेर बनाएका ) तालिम कक्षाको भुइँमा ठाउँ ठाउँमा राख्ने ।
- छातीमा कार्ड टाँसिएका सहभागीहरूलाई गोलो घेरामा बाहिर पट्टि फर्काएर एक आपसमा हात बाँधाबाँध गर्न लगाउने । कसैले पनि अर्कोलाई हात खुस्काउन नदिने र निहुरिन पनि नदिने निर्देशन दिने । यही अवस्थामा आफ्नो क्षेत्रको सारांश लेखिएको कार्ड (छातीमा टाँसिएको) को रङसँग मिल्ने रङको बल उठाउन लगाउने ।
- केहिबेर बल टिप्न नसके पछि प्रयास गर्ने लगाउने । कसैले पनि बल टिप्न नसके पछि प्रयास गर्ने काम रोक्न लगाउने र त्यस अवस्थामा सबैले सबैलाई आ - आफ्नो बल टिप्न सक्ने गरी बन्धन खुकुलो पार्न अनुरोध गर्ने । त्यस पछि सबैले आ - आफ्नो बल टिप्न सक्ने छन् ।

**निम्नानुसार प्रश्नहरु सोध्ने :**

- पहिलो अवस्थामा कसैले पनि बल टिप्न नसक्नुको कारण के हो ?
- पछि किन सबैले बल उठाउन सक्नु भयो ?
- बल टिप्न कठिन बनाउने र सजिलो बनाउने को हो ?
- उहाँहरूले के को प्रतिनिधित्व गर्नु भएको छ ?
- यदि सामाजिक तथा वित्तीय शिक्षाका क्षेत्रहरूको प्रतिनिधित्व हो भने यी क्षेत्रहरू मध्ये एउटाले मात्र पनि असहयोग गऱ्यो भने अरू सबैले बल टिप्न सक्छन् ?
- क्षेत्रहरूका महत्व बारेमा तपाईंको विचार के छ ?

सबै क्षेत्रहरू उत्तिकै महत्त्वपूर्ण छन् । एउटा क्षेत्र सम्बन्धी सिकाइ कम भयो भने अरू क्षेत्रको सिकाइमा कठिनाइ उत्पन्न हुन सक्छ ।

(घ) क्षेत्र सम्बन्धी अभिवृत्ति (Attitude) खेल :

- क्रियाकलाप 'गु का क्षेत्रहरूसँग सारांश लेखिएका कार्डहरूसँग रङ मिलाएर क्षेत्रहरू सम्बन्धी तलका अभिवृत्तिलाई एक एक गरेर लेख्नुहोस् :

| |
|---|
| म आफैँ धेरै चिजहरू प्राप्त गर्न सक्छु भन्ने विश्वास ममा छ । |

| |
|---|
| विश्वका प्रत्येक बाल बालिकाले पाएका अधिकारहरू म पनि पाउन चाहन्छु । |

| |
|---|
| म प्राकृतिक र वित्तीय स्रोतहरूको सदुपयोग गर्छु र यिनीहरूलाई मूल्यावान ठान्छु । |

| |
|---|
| खर्च गर्नु वा कुनै काम गर्नु पूर्व म योजना बनाउन चाहन्छु । |

| |
|---|
| मेरो समुदायलाई राम्रो बनाउने उपायका रूपमा उद्यमलाई मान्यता दिन्छु । |

- पाँच जना सहभागीहरूलाई सोझो लाइनमा उभ्याएर एक एक ओटा कार्ड वहाँहरूको छातीमा टाँस्नुहोस् ।
- क्रियाकलाप 'गु अन्तर्गत छातीमा क्षेत्रहरूको सारांश लेखिएका पाँच जना सहभागीहरूलाई पहिले जस्तै बाहिर पट्टि फर्किएर हात बाँधाबाँध गर्न लगाउनुहोस् । कार्डको रङसँग मिल्ने बललाई टिपेर आफ्ना क्षेत्रको अभिवृत्ति कार्ड छातीमा टाँसीएका साथीलाई समाउने गरी दिन लगाउनुहोस् ।
- तलका जस्ता प्रश्नहरू गरेर प्रत्येक क्षेत्रको सारांश र प्रवृत्ती बिचको सम्बन्ध प्रष्ट्याउनुहोस् :

→ भुइँबाट बल उठाउने क्रममा आफ्नो क्षेत्रको हो भनेर कसरी चिन्नुभयो ?

→ उठाएको बल पाँच जना अभिवृत्ति कार्ड छातीमा टाँसीएका साथीहरूमध्ये आमुकलाई नै दिनुपर्छ भन्ने कुरा कसरी यकिन गर्नुभयो ?

→ 'म प्राकृतिक र वित्तीय स्रोतको सदुपयोग गर्छु' भन्ने प्रवृत्ती कुन क्षेत्रसँग सम्बन्धित छ, किन ?

→ सामाजिक तथा वित्तीय उद्यम सम्बन्धी प्रवृत्ती प्रस्तुत हुने व्यवहार आफ्नै भाषा र शैलीमा बताउनुहोस् ।

(ङ) **पैसा र कोशे ढुङ्गा**

निम्नानुसारका व्यवहार सम्बन्धी अनुभवलाई एक रङका कार्डहरूमा र सिकाइ उपलब्धि (Objectives) लाई अर्को रङको कार्डहरूमा उर्तानुहोस् । यी कार्डहरू चार सेट हुनुपर्छ ।

**व्यवहार सम्बन्धी अनुभवका कार्डहरूमा लेख्ने कुराहरू :**

| | | | |
|---|---|---|---|
| पहिलो पटक पैसा तिरेको | पहिलो पटक आफ्नो खल्तीमा पैसा परेका | विद्यालयमा भर्ना भएको पहिलो दिन | साथीहरूसँग यात्रा गरेको पहिलो दिन |
| पहिलो पटक बचत गरेको | पहिलो पटक आफैं गाडिको भाडा तिरको | पहिलो पटक पैसा कमाउने काम गरेको | पहिलो पटक व्यवसाय/व्यापार गरेको |
| कम्प्युटर वा ट्याबलेट चलाएको पहिलो दिन | पहिलो पटक ऋण लिएको दिन | आफ्नो कमाइको धनले पहिलो पटक घर बनाएको | साना उद्यम सञ्चालनका लागि प्रथम पटक ऋण लिएको दिन |
| पहिलो पटक जागिर खाएको दिन | पढ्नका लागि पहिलो पटक पुस्तक र अन्य सामान किनेको | विश्व विद्यालयमा पढ्न गएको पहिलो दिन | पहिलो पटक बचत खाता खोलेको |

**सिकाइ उपलब्धिका कार्डहरूमा लेख्ने कुरा**

| | | | |
|---|---|---|---|
| पैसा बचत गर्ने कि खर्च गर्ने भन्ने कुराको निर्णय | आफ्नो आवश्यकता थाहा पाउन र यिनीहरूलाई पुरा गर्ने व्यक्ति पहिचान गर्न | आवश्यकता र चाहना छुट्याउन | व्यक्तिगत बजेट बन( ाउन |
| पैसाको साथसाथै अन्य स्रोतहरूको पनि बचत गर्नुपर्न भन्ने कुराको सिकाइ गर्न | मूल्य र पैसाबिच सम्बन्ध गाँस्न | पैसा प्रापत गर्ने असल र खराब व्यवहारहरूको पहिचान गर्न | जिम्मेवार र उपभो क्ताका रूपमा पैरवी र अभ्यास गर्न |
| उपभोकताका रूपमा हामीलाई प्रभाव पार्ने चिजहरू पत्ता लगाउन | वित्तीय जिम्मेवारी जो खिम र विपद सम्बन्धी सिकाइ गर्न | बचत गर्ने रणनीतिहरूको सिकाइ गर्न | आफ्ना र अरूका लागि बचत गर्न |
| आफूसँग भएका बजेटका आधारमा जीवन निर्वाह गर्न | वित्तीय संस्था, बचत, बीमा आदिका बारेमा सिक्न | पैसा र अन्य स्रो तहरूको आवश्यकता आफु र समुदायका अरूालई पनि पर्छ भन्ने सिकाइ गर्न | योजना र वित्तीय परिणाम बिच समन्वय गर्न |
| वित्तीय योजनालाई बाह्य अरू वित( तीय कारोबार वा उत्पादनसँग सम्बन्धित गराउन | योजनालाई वित्तीय पक्षसँग सम्बन्धित गर ाउन | वित्तीय लक्ष र प्राथमिकता निर्धारण गरी तिनीहरूालई छनोट गर्न | |

सहभागीहरूलाई चार समूहमा बसाएर एक एक ओटा न्युजप्रिन्ट दिई तलको जस्तो मोटो रेखा खिच्न लगाउनुहोस् र त्यसमा उमेर पनि लेख्न लगाउनुहोस् :

व्यवहार सम्बन्धी अनुभव कार्डहरू

उमेर : ⟶ ० ५ १० १५ २० २५

सिकाइ उपलब्धि कार्डहरू

- अनुभव र सिकाइ उपलब्धि सम्बन्धी एक एक सेट कार्डहरू प्रत्येक समूहलाई दिनुहोस् । अनुभव सम्बन्धी कार्डहरू उमेर लाइनको माथी र सिकाइ उपलब्धि कार्डहरू तल टाँस्न लगाउनुहोस् । टाँस्दा कुन उमेरमा अनुभव गरेको हो त्यसै उमेरको छेउछाउमा टाँस्न लगाउनुहोस् । सिकाइ उपलब्धि कार्डहरूलाई जुन उमेरमा सिक्नुपर्ने हो त्यसैको छेउछाउमा टाँस्न लगाउनुहोस् ।
- सबै समूहहरूका न्यूजप्रिन्टलाई भित्तामा विभिन्न ठाउँम टाँसेर सबै सहभागीहरूलाई घुमेर पढ्न लगाउनुहोस् । कसैको कुनै प्रश्न भए टाँस्ने सम्बन्धित समूहका प्रतिनिधिलाई उत्तर भन्न लगाउनुहोस् ।
- व्यवहार सम्बन्धी अनुभव जुन उमेरमा गरेपनि सिकाइ उपलब्धि अन्तर्गत सिक्नुपर्ने कुराहरू सानै उमेर (१५ वर्ष) भित्रमा सिक्ने/सिकाउने गर्नु प्रभावकारी हुन्छ भन्ने निश्कर्षमा सहभागीलाई पुऱ्याउँनुहोस् ।

# ७.  विद्यालय बचत कार्यक्रम र मौन आकृति (Image Theatre)

| दिन : पहिलो | सत्र : तेस्रो | समय : २ घन्टा |
|---|---|---|

**परिचय :**

१) **विद्यालय बचत कार्यक्रम**

यस पाठमा बचतका तिन ओटा मोडेलहरू प्रस्तुत गर्न खोजिएको हो । घरमा गरिने खुत्रुके मोडेल, विद्यालयमा सामूहिक रूपले (कक्षा अनुसार वा विद्यालयका सबै विद्यार्थी ) बचत गर्ने मोडेल र बैंकमा बचत गर्ने मोडेलहरू सम्बन्धी क्रियाकलाप गराउन यो शीर्षक यहाँ राखिएको हो। बचत सम्बन्धी मूल्य - मान्यताहरू शिष्टाचारहरू विद्यार्थीलाई सिकाउन विद्यालय बचत कार्यक्रम कार्यान्वयन गर्नु आवश्यक हुन्छ । यस कार्यक्रममा कक्षा वा विद्यालको नाममा खाता खोलेर विद्यार्थीले पैसा जम्मा गर्ने व्यवस्था मिलाइन्छ । हिसाब भने सबै विद्यार्थीको अलग- अलग राख्ने व्यवस्था मिलाइन्छ । पैसा जम्मा गर्ने सबै विद्यार्थीको सहमति विना यसबाट पैसा झिक्न सकिँदैन । विद्यालयको यस खातामा रहेको पैसा हप्तामा एक पटक बैंकमा लगेर जम्मा गर्ने गरिन्छ । विद्यार्थीले विद्यालय छाड्दा उनको जम्मा रकम फिर्ता दिने प्रावधान राखिन्छ । यिनै कुराहरू सम्बन्धी छलफल  र क्रियाकलाप यस शीर्षक अर्न्गत गरिन्छ ।

२. **मौन आकृति प्रस्तुतीकरण**

विद्यार्थीहरूलाई आफ्ना विचार, भावना र बुझाइहरू थोरै समयमा रमाइलो तरिकाले प्रस्तुत गर्ने साधनको रूपमा मौन आकृतिलाई लिइन्छ। यसलाई सजिलैसँग कुनै सामग्री विनानै प्रस्तुत गर्न सकिनु यसबाट हुने फाइदा हो। हुन त शिक्षण सिकाइको यो तरिका जुनसुकै विषय शिक्षणमा पनि प्रयोग गर्न सकिन्छ। तर सामाजिक तथा वित्तीय शिक्षाका पाठहरू सम्बन्धी क्रियाकलाप गराउन यो तरिका अझ प्रभावकारी हुन्छ। सबै विद्यार्थीले उत्तिकै मात्रामा बोलेर वा लेखेर आफ्ना भावना प्रष्ट पार्न सक्दैनन्। उनीहरूका विचारलाई शारीरिक हाउभउले देखाउने स्वीकृति दिएमा उनीहरूले रमाइलो हुने गरी प्रस्तुत गर्न सक्छन्। यसमा उनीहरूका मौन भाषामा अनुभूति र सोच विचारहरूको वास्तविक्ता प्रस्तुत हुन्छ । यिनै कुराहरूलाई मध्यनजर राखेर शिक्षक तालिममा यसका तरिकाहरूमा अभ्यास गराउने कार्यक्रम राखिएको हो ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- विद्यालय बचत कार्यक्रमको औचित्य बताउन ।
- व्यक्तिगत, जोडी र समूहमा मौन आकृतिहरू बनाएर देखाउन ।

**प्रशिक्षण सामग्री :** सहभागीहरू

**पूर्वतयारी :**

- तोकिएका र अरू पनि आकृतिहरूको बनोटमा यकिन भइ रहनुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

**(क) विद्यालय बचत कार्यक्रम**

- बचतका निम्नानुसारका तिन ओटा मोडेलहरूका चित्र अवलोकन गराई छलफल गराउनुहोस् । यस्ता बचतहरूमध्ये आफूले जीवनमा अनुभव गरेका कुराहरूलाई लिएर बिचार आदन प्रदान गराउनुहोस् ।


**बचतका तिन मोडलहरू**

**मोडल १**

१.



२.




३.




मोडल १

१.



२.



३.




मोडल १

१.



२.



३.



- विद्यालय बचत कार्यक्रमका यी मार्गदर्शनहरू सहभागीहरूबिच छलफल गराउनुहोस् ।

**बचतका मार्ग दर्शनहरू**

१. विद्यालय बचत कार्यक्रममा भाग लिनु स्वेच्छिक हो ।

२. विद्यालय बचतको कार्य प्रक्रिया विद्यालयको बचत समिति र शिक्षकले निर्धारण गर्ने छन् ।

३. विद्यालय बचत कार्यक्रममा भाग लिने प्रत्येक विद्यार्थीको बचत सम्बन्धी हिसाब राख्न उनीहरूसँग व्यक्तिगत अभिलेख पुस्तिका हुनुपर्छ । प्रत्येक कक्षाको हिसाब राख्न लेजर खाता राख्नु पर्छ ।

४. विद्यार्थीले खातामा रकम जम्मा गर्ने र झिक्ने काम हप्तामा एक दिन गर्ने गरी बार तोकिनु पर्छ ।

५. खातामा जम्मा गर्नका लागि तोकिएको रकम भन्दा बढी पैसा कुनै विद्यार्थीले जम्मा गर्नु परेमा यसको कारण र स्रोत शिक्षकलाई प्रष्ट्याउनु पर्छ । यसको अभिलेख व्यक्तिगत खाता र लेजरमा पनि राख्नु पर्छ ।

६. विद्यालय बचत कार्यक्रम अन्तर्गत जम्मा भएको रकम नजिकको बैंकमा कक्षाको नाममा खाता खोलेर जम्मा गर्नु पर्छ । बैंक टाढा छ भने विद्यालयलेनै पैसा सुरक्षित साथ राख्ने व्यवस्था गर्नु पर्छ ।

७. बचत रकमको केही भाग विद्यार्थी र शिक्षकको सहमतिमा सामूहिक क्रियाकलापमा प्रयोग गर्न सकिने छ ।

८. बचतलाई बैंकमा जम्मा गरेपछि प्राप्त हुने ब्याजलाई विद्यार्थी र शिक्षकको सहमतिमा कुनै सामूहिक कार्यमा प्रयोग गर्न सकिने छ ।

९. यस बचत कार्यक्रमका लागि अभिभावकले सहयोग गर्न सक्छन् तर उनीहरूले बचत कार्यक्रममा सोझै भाग लिन सक्दैनन् । सामूहिक बचत र खर्च सम्बन्धी सबै निर्णय विद्यार्थीले नै गर्छन् ।

- माथिका मार्गदर्शनहरूका आधारमा विद्यालयमा बचत कार्यक्रम सञ्चालन गर्ने योजना बनाउन लगाउनुहोस् ।
- तयार पारेका योजनाहरू प्रस्तुत गर्न लगाउनुहोस् ।

(ख) **मौन आकृति प्रस्तुतिकरण**

निम्नानुसारका आकृतिहरू बनाएर देखाउन लगाई आफ्ना सोच र अनुभूति प्रस्तुत गर्न लगाउनुहोस् :

१. बच्चालाई काखमा लिएर माया गरिरहेकी आमा सहभागीहरूका (जोडी जोडीमा)

२. विद्यालयमा बाल अधिकार हनन् भएको दृश्य (एक जना शिक्षक र विद्यार्थीहरूको समूह)

३. बाल केन्द्रित शिक्षण सिकाइको दृश्य (विद्यार्थीहरू समूह कार्य गरिरहेका, शिक्षकले समूह कार्यमा सहयोग गरिरहेको)

४. शिक्षक केन्द्रित शिक्षण सिकाइको दृश्य (शिक्षकले बक्तव्य दिइरहेका विद्यार्थी आफ्ना आफ्नै धुनमा भएको)

५. बैंक काउन्टर, कारोबार गर्न गएको ग्राहक, बैंक कर्मचारी बिच कुरा भइरहेको दृश्य (दुई जनाले

बैंक काउन्टर, एक जनाले ग्राहक र अर्को एक जनाले बैंक कर्मचारीको अभिनय गर्दै गरेको ।

६. बाल क्लबमा काम गर्ने तरिका सम्बन्धमा नेतृत्व दिँदै गरेका विद्यार्थी (एक जना नेतृत्व प्रदान गर्ने दस जना क्लबमा काम गर्दै गरेका)

७. मैले खाएँ । तिमी पनि खाऊको दृश्य (दुई दुई जना र समूहमा)

८. मेरो घर यहाँ तिम्रो घर कहाँ (जोडी वा समूहमा)

९. लैङ्गिक विभेदको दृश्य (केटाहरू पढिरहेका केटीहरू घरधन्दा गरिरहेका)

- मौन आकृति प्रस्तुतीकरण गरेपछि यसको महत्त्व बारेमा छलफल गराई निष्कर्ष दिनुहोस् ।

# ८. विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिकाको परिचय र उद्देश्य

| दिन : दोस्रो | सत्र : पहिलो | समय : १ घन्टा ३० मिनेट |
|---|---|---|

**परिचय :**

**(क) विद्यार्थी सिकाइ सामग्री**

यसलाई विद्यार्थी केन्द्रित क्रियाकलापमा आधारित बनाइएको छ । क्रियाकलापको सुरूमा सानो पाठ्यवस्तु सम्बन्धी जानकारी दिइएको छ । यसलाई पढेर साथीहरूसँग छलफल गर्दै विद्यार्थीले विषयवस्तु सिक्न सक्छन् । नबुझेको कुरा शिक्षकसँग सोध्ने छन् । विद्यार्थीलाई क्रियाकलाप सम्बन्धी अभ्यास गराउन घटना अध्ययन, अवलोकन भ्रमण तथा खेलजस्ता क्रियाकलापहरू यसमा समावेश गरिएका छन् । वार्तालाप, कथा र अभिनयहरू जस्ता क्रियाकलापहरूलाई प्राथमिकता दिइएको छ । समूह र व्यक्तिगत कार्यका माध्यमबाट विद्यार्थीका सिप र अभिवृत्ति विकास गर्न खोजिएको छ । सामाजिक, आर्थिक, व्यावसायिक र जीवनोपयोगी सिपमा आधारित बनाएर क्रियाकलापहरू विकास गरिएका छन् ।

क्रियाकलापहरूमध्ये पाठको सुरूमा सञ्चालन गरिनेलाई शक्ति प्रदान (Energizer) गर्ने अन्तिमलाई मूल्याङ्कन र बिचका अरूलाई पाठ्यवस्तु उन्मूख **(Text oriented)** का रूपमा प्रस्ताव गरिएका छन् । शिक्षकको अनुपस्थितिमा पनि विद्यार्थीले सजिलै सिक्न सक्ने गरी क्रियाकलापहरूको प्रक्रिया प्रस्तुत गरिएको छ ।

**(ख) शिक्षक निर्देशिका**

यो सामग्री विद्यार्थी क्रियाकलापमा आधारित छ । क्रियाकलाप सञ्चालन प्रक्रियालाई 'विद्यार्थी क्रियाकलाप' शीर्षक अन्तर्गत विद्यार्थी सामग्रीमा निर्देशन दिइएको छ । विद्यार्थीलाई अपुग हुने निर्देशनहरू शिक्षक निर्देशिकामा राखिएका छन् ।

यस निर्देशिकामा पाठ परिचय अन्तर्गत छोटो पढ्ने सामग्री (text), पाठका उद्देश्य, चाहिने सामग्री, समय, पूर्वतयारी र क्रियाकलाप सम्बन्धी निर्देशन दिइएका छन् । यसमा समाविष्ट सबै कुराहरू कक्षा सञ्चालन गर्नु पूर्व नै शिक्षकले अध्ययन गरेर क्रियाकलाप सञ्चालन गर्दा प्रभावकारी हुन्छ । विद्यार्थी क्रियाकलाप सामग्रीमा विद्यार्थीलाई आवश्यक निर्देशन दिइएकोले यस निर्देशिकामा आवश्यक बुँदाहरू मात्र समावेश गरिएको छ । क्रियाकलाप सञ्चालन गर्ने क्रममा विद्यार्थीलाई दिइएका निर्देशनहरू पनि शिक्षकले हेर्नुपर्छ । यसमा दिइएका जानकारीहरूले खेलहरू सञ्चालन गर्ने निर्देशनमा प्रष्ट भएन भने तालिम सञ्चालन हुँदा प्रशिक्षकलाई प्रष्ट पार्न अनुरोध गर्नुपर्छ ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- विद्यार्थी सिकाइ सामग्रीमा भएका धारणा र अभ्यासका तरिकाहरू पत्ता लगाउन,
- विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका बिचको सम्बन्ध पत्ता लगाउन,
- निर्देशिका अनुरूप सिकाइ क्रियाकलापहरू सञ्चालन गर्न ।

**प्रशिक्षण सामग्री :**

विद्यार्थी सिकाइ सामग्री, शिक्षक निर्देशिका, न्युजप्रिन्ट, साइनपेन आदि ।

**पूर्वतयारी :**

- समूहकार्य सञ्चालन गर्ने प्रक्रियामा अभ्यास गरिराख्ने ।

**प्रशिक्षण क्रियाकलाप :**

सहभागीहरूलाई कक्षाभित्र वरिपरि कुद्न लगाउने । एक फन्को कुदेपछि 'बराबर भएर चार ठाउँमा उभिनुहोस्' भन्ने । अलग रहेकालाई पनि समूहमा मिलाएर सामेल गरी चार समूहमा बसाउने । समूहहरूका नाम आफैँ राख्न लगाउने । समूहहरूलाई काम तोकिदिने र प्रत्येक समूहलाई विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका उपलब्ध गराउने । समूह कार्यको समय ४० मिनेट तोकिदिने ।

| समूह | गर्नुपर्ने काम |
|---|---|
| | क्रियाकलाप १ देखि १२ सम्मका विदयार्थी क्रियाकलाप र शिक्षक निर्देशिकाको अध्ययन छलफल र जिज्ञासाहरूको टिपोट |
| | १३ देखि २४ सम्मका विद्यार्थी क्रियाकलाप र शिक्षक निर्देशिकाको अध्ययन छलफल र जिज्ञासाहरूको टिपोट |
| | २५ देखि ३६ सम्मका विदयार्थी क्रियाकलाप र शिक्षक निर्देशिकाको अध्ययन छलफल र जिज्ञासाहरूको टिपोट |
| | ३७ देखि ४६ सम्मका विदयार्थी क्रियाकलाप र शिक्षक निर्देशिकाको अध्ययन छलफल र जिज्ञासाहरूको टिपोट |

- प्रत्येक समूहलाई ५/५ मिनेटको समय दिएर प्रस्तुतीकरण गर्न लगाउने ।
- प्रत्येक समूहका प्रस्तुतीकरणमा सहभागीहरूले उठाएका प्रश्न र जिज्ञासाको उत्तर प्रशिक्षकले दिने ।

**प्रतिविम्बन** : तलका प्रश्नहरूद्वारा क्रियाकलापको प्रतिविम्बन गराउने -

- विद्यार्थी सिकाइ सामग्रीमा के के रहेको पाउनु भयो ?
- विद्यार्थी सिकाइ सामग्री र शिक्षक निर्देशिका बिच कस्तो सम्बन्ध रहेको पाउनु भयो ?
- यी दुईओटा सामग्रीद्वारा शिक्षण सिकाइ गर्न के कस्ता कठिनाइहरू आइपर्न सक्लान् ?
- यिनीहरूको समाधान कसरी गर्नु हुन्छ ?

# ९. लक्ष्य निर्धारण

| दिन : दोस्रो | सत्र : पहिलो | समय : १.५ घन्टा |
|---|---|---|

**परिचय :**

किशोरावस्था भनेको बाल्यवस्थाबाट पौढावस्थामा प्रवेश गर्ने सङ्क्रमणकालीन अवस्था हो । यस अवस्थामा आफ्नो भावी जीवन सहज र सफल रूपमा अघि बढाउन उनीहरूले धेरै जिम्मेवारी लिनुपर्ने हुन्छ । यी जिम्मेवारी पुरा गर्न उनीहरूले लक्ष्य निर्धारण गरी त्यसलाई हासिल गर्न योजना र यस अन्तर्गत कार्यक्रमहरू बनाई सो अनुरूप समयमा कार्य सम्पन्न गर्नुपर्ने हुन्छ । माध्यमिक तहका विद्यार्थीको अवस्था यससँग मिल्ने हुनाले उनीहरूलाई लक्ष्य निर्धारण गरेर अघि बढ्न सहयोग पुगोस् भनेर सिकाइमा सहजीकरण गराउने शिक्षकहरूलाई तालिमका क्रममा यस सम्बन्धी अभ्यास गराउने हेतुले यो शीर्षक यहाँ समावेश गरिएको हो ।

**उद्देश्य : यय क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- लक्ष्य निर्धारण गर्ने तरिकाहरू पहिचान गर्न ।
- लक्ष्य निर्धारण गर्ने क्रममा SMARTS / SWOT विश्लेषण गर्न ।
- लक्ष्य निर्धारण अन्तर्गत प्रयोग हुने शब्दावलीहरू प्रष्ट्याउन ।

**प्रशिक्षण सामग्री :**

- तालिम पुस्तिका, न्युजप्रिन्ट, साइन पेन, टेप आदि ।

**पूर्वतयारी :**

- SMARTS / SWOT विश्लेषण सहितको SMARTS र SWOT तालिका तयार गर्ने ।

**प्रशिक्षण क्रियाकलाप :**

- घटना अध्ययन

➢ एक जना सहभागीलाई स्वयम्सेवक भई पवित्रा र अतुलको तल दिइएको अवस्था ठुलो समूहमा पढेर सुनाउन लगाउनुहोस् ।

| |
|---|
| पवित्रा कक्षा ९ मा पढ्दै छिन् । उनको परिवारमा बा, आमा, दाजु र उनी सहित ४ जना छन् । दाजु विज्ञान विषय लिएर ११ कक्षा पढ्दै छन् । उनीहरूको शिक्षा दिक्षालाई सहयोग गर्न र घर व्यवहार चलाउन बा र आमाले पसल खोलेका छन् । पवित्राले विशिष्ट श्रेणीमा एसएलसी पास गर्ने लक्ष्य राखेकी छिन् । यसका लागि उनी नियमित विद्यालय जान्छिन् । कक्षामा सक्रिय भएर सिकाइ क्रियाकलापमा भाग लिन्छिन् । घरमा दैनिक विहान बेलुका कम्तिमा २/२ घन्टा अध्ययन गर्छिन् । बाँकी समय घरको काममा सहयोग पुऱ्याउने र मनोरञ्जनमा सामेल हुने गर्छिन । उनी पुराना प्रश्नहरूको सँगालोमा पनि अभ्यास गर्ने गर्छिन । उनका लागि घरमा सिकाइमूलक वातावरण छ । |
| उही कक्षामा पढ्ने अतुलले पनि विशिष्ट श्रेणीमा एसएलसी पास गर्ने लक्ष्य राखेका छन् । यसका लागि के के गर्नु पर्छ भन्ने कुरामा उनी अनभिज्ञ छन् । उनी विद्यालय त नियमित रूपले नै जान्छन् तर सिकाइ क्रियाकलापमा सक्रिय छैनन् । बरू उनी खेलकुदप्रति बढी चासो राख्छन् । |

- सहभागीहरूलाई ठुलो समूहमा तलको प्रश्नहरू सोधी स्वयम्सेवकका रूपमा जवाफ माग्नुहोस् :
- ▪ पवित्रा र अतुलमध्ये कसको लक्ष्य हो ? र कसको सपना हो ? कारण सहित पालैपालो बताउनुहोस्।
- लक्ष्य र सपना बारे निष्कर्ष दिनुहोस्।

| |
|---|
| लक्ष्य निर्दिष्ट हुन्छ। यो मापनीय र कार्यान्वयन गर्न सकिने हुन्छ। यो वास्तविकतासँग मेल खाने र समय सिमा भएको हुन्छ। सपना भनेको "यो गर्न पाए हुन्थ्यो" भन्ने आकांक्षा मात्र हो। यससँग कार्यक्रम हुँदैन। कार्य प्रक्रिया र निर्दिष्ट बाटो पनि यसले लिएको हुँदैन। यो मापनीय पनि हुँदैन। |

- अब प्रत्येक सहभागीलाई एकएक पाना कागज लिन लगाएर त्यसको सिरानमा आफ्नो नाम लेख्न लगाउनुहोस्। त्यसमा आफ्नो वित्तीय लक्ष्य र त्यसलाई पुरा गर्नका लागि कार्यक्रम तयार गर्न लगाउनुहोस्।
- सबैको पानालाई जम्मा गरेर एउटा पुस्तक तयार गर्नुहोस्। तिन चार जना सहभागीलाई आफ्नो लक्ष्य र कार्यक्रम पढेर सुनाउन लगाउनुहोस्।

**लक्ष्य निर्धारणका आधार (SMARTS)**

अबको ९ वर्षभित्रमा मैले माध्यमिक तहको एउटा असल शिक्षक बन्ने आकांक्षा राखेकी छु। यसका लागि उच्च माध्यमिक तहमा शिक्षा विषय लिएर पढने, स्नातक तहमा पनि शिक्षा विषय लिएर पढ्ने, त्यसपछि शिक्षकको अध्यापन अनुमतिपत्र लिने र शिक्षक सेवा आयोगबाट लिइने परीक्षा दिएर पास गर्ने लक्ष्य राखेकी छु।

| | | |
|---|---|---|
| S = Specific | निर्दिष्ट | असल शिक्षक बन्ने लक्ष्य निर्दिष्ट छ। |
| M = Measurable | मापनीय | माध्यमिक र स्नातक तहमा पनि शिक्षा शास्त्र विषय अध्ययन गर्ने भन्ने अठोट र अध्यापन अनुमतिपत्र लिने तथा शिक्षक सेवा आयोगको परीक्षामा सहभागी हुने कुराहरू मापनीय छन्। |
| A = Applicable | कार्यान्वयन गर्न सक्ने | शिक्षा विषय लिने, अध्यापन अनुमतिपत्र र आयोगको परीक्षामा जाँच दिने कुराहरू कार्यान्वयन गर्न सकिने कुराहरू हुन्। |
| R = Realistic | वास्तविक | शिक्षा विषय लिएका व्यक्तिले शिक्षक बन्ने लक्ष्य राख्नु स्वभ( ाविक तथा वास्तविक हो। |
| T = Time bound | समय सीमा | ९ वर्षको अवधि तोकिएको हुँदा समय सीमा प्रष्ट छ। |
| S = Sequential | क्रमबद्ध | शिक्षक बन्नका लागि गर्नु पर्ने कार्यहरू क्रमिक रूपले उल्लेख गरेको हुनाले यो क्रमवद्ध छ। |

- एक जना सहभागीलाई सबैले सुन्ने गरी माथिको उदाहरण पढेर सुनाउन लगाउनुहोस्।
- पाँच पाँच जनाको समूह बनाउनुहोस्। समूहका सबै सहभागीलाई अघिल्लो क्रियाकलापमा आफूले तयार पारेको वित्तीय लक्ष्य समूहका साथीहरू बिच पढेर सुनाउन लगाउनुहोस्।
- त्यसमध्ये उपयुक्त लागेको एउटा लक्ष्य छनोट गर्न लगाउनुहोस्।
- न्युजप्रिन्टमा माथिको जस्तै तालिका बनाई त्यो लक्ष्य कसरी SMARTS छ, पुष्टि गर्न लगाउनुहोस्।
- समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस्।

## SWOT विश्लेषण

लक्ष्य निर्धारण गर्दा आफूभित्र रहेका सवल र कमजोर पक्ष केलाउन सक्नु पर्छ। कमजोर पक्षलाई सवल पक्षले जितेको हुनुपर्छ। लक्ष्य पुरा गर्ने क्रममा प्राप्त हुने अवसर र चुनौतीहरूलाई पनि केलाउनु पर्छ। अवसरलाई सही तरिकाले हात पार्ने र चुनौतीलाई हटाउने उपयुक्त सोच राखेर मात्र लक्ष्य निर्धारण गर्नुपर्छ।

लक्ष्यको उदाहरण : कलावतीले अबको ९ वर्षभित्रमा माध्यमिक तहको एउटा असल शिक्षक बन्ने लक्ष्य राखेकी छिन्। यसका लागि उनले माध्यमिक तथा उच्च माध्यमिक र स्नातक तहमा पनि शिक्षा विषय लिएर पढ्ने, त्यसपछि शिक्षकको अध्यापन अनुमतिपत्र लिने र शिक्षक सेवा आयोगबाट लिइने परीक्षा पास गर्ने लक्ष्य राखेकी छिन्। आफ्नो लक्ष्य पुरा गर्ने क्रममा उनले आफ्ना सवल र कमजोर पक्ष तथा अवसर र चुनौतीहरूलाई निम्नानुसार केलाएर हेरिन् :

| **सवल पक्ष** | **कमजोर पक्ष** |
| --- | --- |
| • शिक्षा विषयप्रति चाख<br>• शिक्षा विषय लिएर स्नातक तहसम्म अध्ययन पुरा गर्ने अठोट<br>• लाईसेन्सको परीक्षा दिने सोच<br>• शिक्षक सेवा आयोगबाट लिइने परीक्षा उत्तीर्ण गर्ने लक्ष्य | • घरायसी काममा पनि सहयोग गर्नु पर्ने<br>• अहिलेसम्म बाहिर गएर एक्लै नबसेको<br>• हालसम्म अन्तर्वार्ताको अनुभव नभएको |
| **अवसर** | **चुनौती** |
| • उनलाई परिवारको समर्थन र सहयोग छ।<br>• शिक्षकहरूको सहयोग छ।<br>• अध्यापन अनुमतिपत्र लिने परीक्षा वर्षै पिच्छे हुने गरेको छ।<br>• शिक्षक सेवा आयोगको परीक्षा पनि समय समयमा हुने गरेको छ।<br>• सरकारले महिलाहरूका लागि आरक्षणको व्यवस्था पनि गरेको छ। | • शिक्षा विषय लिएर स्नातक पढ्न बाहिर जानु पर्ने।<br>• बाहिर गएर पढ्न खर्च बढी लाग्ने।<br>• अन्य साथीहरूले उनीभन्दा बढी मेहनत गर्न पनि सक्छन्। |

**अवस्था विश्लेषण SWOT**

- घरायसी काममा सहभागी हुनुपर्ने, अहिलेसम्म बाहिर गएर एक्लै नबसेको र हालसम्म अन्तर्वार्ताको अनुभव नभएको जस्ता कमजोरीलाई परिवारको समर्थन, शिक्षकको सहयोग, परीक्षाहरूको तयारी, अरक्षणको प्रवधान आदिले जित्ने हुँदा उनका कमजोर पक्ष भन्दा सवल पक्षहरू बलिया देखिन्छन्।
- यसै गरी उनका लागि प्राप्त अवसरहरूले चुनौतीहरू माथि विजय गरेको छ।

सवल र कमजोर पक्ष आफ्ना अधिनभित्रका कुरा हुन भने अवसर र चुनौती आफ्नो काबुभन्दा बाहिरका पक्षहरू हुन् ।

- सहभागीलाई अघिकै समूहमा बस्न लगाउनुहोस् । आफ्नो समूहले रोजेको वित्तीय लक्ष्यलाई लिएर माथिको उदाहरण अनुसार (SWOT) विश्लेषण गर्न लगाउनुहोस् ।
- त्यसलाई न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् ।
- अर्को न्युजप्रिन्टमा तलको तालिका बनाई लक्ष्य प्राप्तिका लागि कार्यक्रमहरू र यिनीहरूसँग सम्बन्धित अन्य विवरणहरू तयार पार्न लगाउनुहोस् ।

| क्र.स. | गरिने कामहरू | पुरा गर्न लाग्ने समय | सहयोग गर्ने व्यक्ति | चाहिने स्रोत | काम गर्ने तरिका | कार्यान्वयन स्थल | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

- SWOT विश्लेषण र कार्यक्रम विवरण सबै समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**कफी ब्रेक**

| **अभिव्यक्तिहरू :** | | | |
|---|---|---|---|
| १. Specific | ५. Time Bound | ९. Strength | १३. Program |
| २. Measurable | ६. Sequential | १०.Weakness | १४. SWOT को आन्तरिक पक्ष |
| ३. Applicable | ७. लक्ष्य | ११.Opportunity | १५. SWOT को बाह्य पक्ष |
| ४. Realistic | ८. सपना | १२. Threats | १६. कार्यक्रमको पुनरावलोकन |

- कफी ब्रेक खेलको नियम बताउनुहोस् :

सहभागीहरू बराबर भएर दुई लाइनमा आमनेसामने भएर उभिनु पर्ने छ । आमनेसामने रहेको जोडीले हात मिलाउनु पर्ने छ । क्रमशः अगाडि देखि पछाडि तर्फका जोडीहरूको क्रम सङ्ख्या निर्धारण गर्नु पर्ने हुन्छ । छलफल गर्नु पर्ने अभिव्यक्तिको न्युजप्रिन्ट अगाडि भित्ताम टाँसिएको हुने छ । त्यो सबैले पढ्नु पर्छ । जुन जोडीको क्रम सङ्ख्या जति हो त्यही नम्बरको अभिव्यक्ति बारेमा त्यस जोडीमा रहनेले कुरा गर्नु पर्ने हुन्छ । सुरूमा हात मिलाएर उभिएका जोडीले ३० सेकेन्ड आफ्नो शीर्षकमा कुरा गरेपछि एउटा लाइनका साथीहरूले ठाउँ सर्नु पर्ने हुन्छ । अर्को लाइनका यथा स्थानमा उभिइरहनु पर्ने हुन्छ । यसका लागि सर्ने लाइनका प्रत्येक विद्यार्थीलाई एकएक स्थान सर्न लगाई नयाँ जोडी बनाएर आ-आफ्नो शीर्षकमा पुनः कुरा गर्नु पर्ने हुन्छ । यसरी सर्दै नयाँ जोडीमा कुरा गर्दै जाँदा सर्ने लाइनको क्रमसङ्ख्या १ स्थिर लाइनको क्रमसङ्ख्या २ सँग जोडी बनेर आ-आफ्नो शीर्षकमा कुरा भएपछि लाइनका सबै सहभागीहरूले अर्को लाइनका सबैसँग कुरा गर्ने अवसर पाइसकेका हुन्छन् र खेल टुङ्गिन्छ ।

- खेलको क्रममा लाइनमा सरेर अर्को नयाँ जोडी बनाउने कार्यमा सहयोग गर्नुहोस् ।

**सूक्ष्म शिक्षण :**

- ४ समूहमा राखेर निम्न उपशीर्षकमा पाठयोजना बनाई सूक्ष्म शिक्षण गर्न लगाउनुहोस् :

| **समूह** | **उपशीर्षक** |
|---|---|
| क | लक्ष्य प्राप्तिका लागि कार्यक्रमहरू क्रम निर्धारण |
| ख | लक्ष्य प्राप्तिको अनुगमन |
| ग | लक्ष्य प्राप्तिको समीक्षा |
| घ | लक्ष्य प्राप्तिको मूल्याङ्कन/पृष्ठपोषण |

**प्रतिविम्बन** : सत्रको अन्त्यमा सहभागीहरूलाई तलका क्रियाकलाप गराएर सत्रको मूल्याङ्कन गर्नुहोस् :

- गोलो घेरामा बस्न लगाउनुहोस् ।
- आफू पनि त्यस घेरमा बस्नुहोस् ।
- SMARTS को पहिलो अक्षर (S) भनेर यसको अर्थ बताउनुहोस् ।
- आफ्नो दायाँ तर्फका पाँच जनालाई क्रमशः M, A, R, T, S अक्षरहरूको अर्थ भन्न लगाउनुहोस् ।
- अरू चार जनालाई SWOT का चार ओटै अक्षरको अर्थ भन्न लगाउनुहोस् ।
- अरू पाँच जनालाई लक्ष्य, सपना, कार्यक्रम, अनुगमन र मूल्याङ्कन सम्बन्धी जानकारीहरू बताउन लगाउनुहोस् ।
- बाँकीलाई लक्ष्य निर्धारण अन्तर्गत सिकेका अरू नयाँ कुराहरू बताउन लगाउनुहोस् ।

नोट : थप जानकारीको चाहना भए Aflateen Manual in partnership with the Master Card Foundation नामक तालिम सामग्री पढ्नुहोस् ।

# १०. बालअधिकार र जिम्मेवारी

| दिन : दोस्रो | सत्र : दोस्रो | समय : १ घन्टा |
|---|---|---|

**परिचय :**

बालअधिकार महासन्धिले विभिन्न धाराहरूमा बालआधिकारको व्यवस्था गरेको छ। यसमा बाँच्न पाउने, सुरक्षा पाउने, विकास गर्न पाउने र सहभागी हुन पाउने अधिकारहरू पर्दछन्। यी अधिकारहरूको संरक्षण गर्न नेपालले पनि यस महासन्धिमा हस्ताक्षर गरिसकेको छ। यति हुँदा हुँदै पनि नजानेर होस् वा जानाजानी बालअधिकारहरू हनन् भइरहेका घटनाहरू यत्र-तत्र सुनिन आएका छन्। बालअधिकार संरक्षण सम्बन्धी जानकारीहरू माध्यमिक तहका शिक्षकले विद्यार्थीहरूलाई गराउन सम्भव हुन्छ। त्यसैले माध्यमिक तहमा यो विषय समावेस गरिएको हो। शिक्षकलाई पढाउन सहयोग पुऱ्याउने हेतुले यो विषय यस तालिममा राखिएको हो।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- बासंविसलाई विश्लेषण गर्न,
- बाल अधिकार संरक्षण गर्ने उपायहरू कार्यान्वयनमा ल्याउन,
- बाल अधिकार प्राप्त गर्ने क्रममा किशोर किशोरहरूले पालना गर्नुपर्ने जिम्मेवारीमा यकिन हुन।

**प्रशिक्षण सामग्री :**

- तालिम पुस्तिका, न्युजप्रिन्ट, साइनपेन, टेप आदि।

**पूर्वतयारी :**

- तलका भनाइहरूलाई न्युजप्रिन्टमा लेखेर राख्नुहोस् :
  १. मैले प्रत्येक दिन भरपेट खान पाएको छु ।
  २. मैले सधैं विद्यालयमा उपस्थित भएर पढ्ने मौका पाएको छु ।
  ३. मलाई कसैले गाली बेइज्जती गर्ने गरेका छैनन् ।
  ४. मेरा अधिकार कसैले हनन् गरे भने म थाहा पाउँछु ।
  ५. बिरामी हुँदा मैले उपचार पाउने गरेको छु ।
  ६. मेरो अधिकार भित्रका मैले चाहेका सबै कुरा पाएको छु ।
  ७. मेरा विचारहरूलाई मेरा परिवारले कदर गर्ने गरेका छन् ।
  ८. म आफूलाई नोक्सानी हुनबाट बचाउन सक्षम छु ।
  ९. मेरो समुदायमा म सधैं सुरक्षित छु ।
  १०. म अरूलाई सहयोग गर्न सक्षम छु ।
  ११. मेरो आवश्यकता पुरा गर्न म सँग पैसा छ ।
  १२. मैले क्लब र अन्य भेला आदिमा सहभागी हुने अवसरहरु पाइरहेको छु ।
- कागजका मतपत्र काटेर राख्नुहोस्। मत पेटिका बनाएर yes / No लेखेर टाँस्नुहोस्।

**प्रशिक्षण क्रियाकलाप :**

(क) **मतदान**

- भनाइहरू सबैले देख्ने गरी भित्तामा टाँस्नुहोस् । एकजना सहभागीलाई बोलाएर राम्रोसँग बुझ्ने गरी पढ्न लगाउनुहोस् ।
- मतदान गर्न कक्षाको अगाडि टेबलमा Yes, No लेखेको बाकस राख्नुहोस् ।
- सबै सहभागीलाई कागजका टुक्राको मतपत्र लिन लगाउनुहोस् ।
- एक जना स्वयम्सेवीलाई अगाडि बोलाएर १ नम्बरको भनाइ सबैले सुन्ने गरी ठुलो स्वरमा पढेर सुनाउन लगाउनुहोस् । एउटा मतपत्रमा १ (नम्बर) लेखेर त्यस भनाइसँग सहमत भए Yes को र असहमत भए No को बाकसमा आफ्नो मत हाल्न लगाउनुहोस् । अरु साथीहरूलाई पनि १ नम्बरमा पालैपालो मत हाल्न लगाउनुहोस् ।
- अब अर्को स्वयम्सेवीलाई अगाडि बोलाउनुहोस् र २ नम्बरको भनाइ त्यसरी नै ठुलो स्वरमा पढेर सुनाउन लगाउनुहोस् । अर्को मतपत्रमा २ लेखेर त्यस भनाइसँग सहमत भए Yes को र असहमत भए No को बाकसमा आफ्नो मत हाल्न लगाउनुहोस् । अरू साथीहरूलाई यसै गरी मत पत्रमा २ नम्बर लेखेर पालैपालो मत हाल्न लगाउनुहोस् ।
- यसरी नै बाँकी सबै भनाइमा मत खसाउन लगाउनुहोस् ।
- अब सबै साथीहरूलाई बराबर दुई समूहमा बसाउनुहोस् । समूह 'क' लाई बायाँ पट्टिको र 'ख' लाई दायाँ पट्टिको तालिका एउटाएउटा न्युजप्रिन्टमा तयार पार्न लगाउनुहोस् ।

| समूह - 'क' **Yes** | |
|---|---|
| भनाइ नं | मत सङ्ख्या |
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |
| १० | |
| ११ | |
| १२ | |
| जम्मा | |

| समूह - 'ख' **No** | |
|---|---|
| भनाइ नं | मत सङ्ख्या |
| १ | |
| २ | |
| ३ | |
| ४ | |
| ५ | |
| ६ | |
| ७ | |
| ८ | |
| ९ | |
| १० | |
| ११ | |
| १२ | |
| जम्मा | |

- आ-आफ्नो समूहको बाकसका मतपत्र गन्दै तालिकामा राखेर जम्मा गर्न लगाउनुहोस् ।
- सबै नम्बरका भनाइहरूमा Yes मा कति र No मा कति मत खसेका रहेछ ? तुलना गरेर हेर्न लगाउनुहोस् ।

Yes मा धेरै मत खसेको छ भने त्यससँग सम्बन्धित बालअधिकार संरक्षित भएको र No मा बढी मत खसेको भए यस सम्बन्धी बालअधिकार संरक्षित नभएको पुष्टि हुन्छ ।

**अभिनय गरौँ**

| | |
|---|---|
| **समूह – क** | गलैँचा कारखानाको मालिकले बालश्रम गराएको, खाना राम्रोसँग नदिएको, बिरामी पर्दा उपचार नगराएको, पाउनु पर्ने पारिश्रमिक पनि दिन आलटाल गरेको, यी सबै कुरा विरूद्ध उजुरी परेपछि प्रहरीले उनलाई पक्रेर लगेको । |

| | |
|---|---|
| **समूह – ख** | बुबा आमा र छोरा गरी तिन जनाको परिवार, एउटी बालिकालाई घरेलु कामदार राखेको, आमाले तिनीलाई नसक्ने काम गर्न लगाउने गरेको, छोराले नभएको कुरा पोल लगाउने, बाबुले यौन शोषण गर्न खोज्ने गरेको, बालिकाको उजुरी अनुसार प्रहरीले बाबुलाई पक्रेर लगेको । |

| | |
|---|---|
| **समूह – ग** | छोरालाई राम्रो विद्यालयमा पढाउने र छोरीलाई घरका काम गराउने, परिवारमा महिला हित सम्बन्धी प्रतिनिधि आएर घर मुलीलाई सम्झाएको, त्यसपछि छोरीलाई पनि विद्यालयमा पढ्न पठाएको |

| | |
|---|---|
| **समूह – घ** | गरिबीका कारण बालबालिकालाई राम्रो खाना, स्वास्थ्य उपचार र शिक्षाको पहुँच नपुगेको, परिवारमा उद्यम अभिमुखीकरण सम्बन्धी संस्थाका प्रतिनिधिले सचेत गराएको, व्यवसाय गरेर पैसा कमाएको र सबै बालअधिकार पुरा भएको । |

- सहभागीहरूलाई बराबर चार समूहमा बिभाजन गर्नुहोस् ।
- प्रत्येक समूहबाट एक एक जनालाई अगाडि बोलाएर माथि लेखिए अनुसारका एउटा एउटा मेटाकार्ड लिन लगाउनुहोस् ।
- कार्डमा भनिए अनुसार अभिनय गरेर देखाउनु पर्ने हुन्छ । तसर्थ समूहका सबै साथीहरूलाई मिलेर अभिनय तयार पार्न लगाउनुहोस् ।
- 'क' समूहबाट शुरू गरेर पालैपालो सबै समूहलाई अगाडि आएर अभिनय प्रस्तुत गर्न लगाउनुहोस् ।
- एउटा समूहको अभिनय प्रस्तुतिपछि अरू समूहलाई उक्त अभिनयमा गरिएका बालअधिकार हनन् र संरक्षणका लागि गरिएका प्रयासहरूमा छलफल गराउनुहोस् ।


**अधिकार र कर्तव्य खेल**

| अधिकार | कर्तव्य |
|---|---|
| पेटभरी खान पाउनु पर्छ । | खाना कत्ति पनि खेर फाल्न हुँदैन । |
| राम्रोसँग पढ्न पाउनु पर्छ । | शिक्षकलाई सम्मान गरी सिक्ने प्रयत्न गर्नुपर्छ । |
| बिरामी हुँदा उपचार पाउनु पर्छ । | आफ्नो र अरुको स्वास्थ्य हेरचाह गर्नुपर्छ । |
| निर्णयमा सहभागी हुन पाउनु पर्छ । | निर्णय गर्ने क्रममा सोचेर विकल्प प्रस्तुत गर्न सक्नु पर्छ । |
| आवश्यकता पुरा हुनु पर्छ । | आवश्यकता हो कि चाहना मात्र ? छुट्याउन सक्नुपर्छ । |
| मौसम अनुसारको लुगा लगाउन पाउनु पर्छ । | मिलाएर लगाउन र सफा गर्न पनि जान्नु पर्छ । |
| माया र हेरचाह पाउनु पर्छ । | अरूलाई पनि माया र हेरचाह गर्नु पर्छ । |

| आफ्नो वंश र मूल्य मान्यताको कदर हुनु पर्छ । | अरूको वंश र मूल्य-मान्यताको पनि कदर गर्नु पर्छ । |
|---|---|

- माथिका अधिकार र कर्तव्य लेखिएका कार्डहरूको थुप्रो अगाडि टेबलमा राख्नुहोस् ।
- स्वयम्सेवकका रूपमा एकजना सहभागीलाई अगाडि बोलाउनुहोस् । कार्डको थुप्रोबाट एउटा कार्ड लिन लगाउनुहोस् ।
- पहिला अधिकारको कोठामा लेखेको कुरा ठुलो स्वरमा पढेर सुनाउन भन्नुहोस् । त्यसको कर्तव्य के हुन्छ ? साथीहरूसँग सोध्न लगाउनुहोस् ।
- साथीहरूको भनाइ आइसकेपछि कर्तव्यको कोठामा लेखिएको कुरा पनि ठुलो स्वरमा पढेर सुनाउन लगाउनुहोस् । त्यो कार्डलाई अलग्गै राख्न भन्नुहोस् ।
- यसरी नै पालैपालो एकएक जना स्वयम्सेवकलाई अगाडि बोलाउँदै बाँकी कार्डहरूका एकापट्टिको पढेर सुनाउन र अर्को पट्टिको के होला भन्न लगाएर त्यो पनि पढेर सुनाउने कार्य गराउनुहोस् ।

**आवश्यकता र चाहना**

| | | | |
|---|---|---|---|
|  १ बालबालिकाका कुराहरु सुन्ने गर्नु |  २ |  ३ |  स्वच्छ हावा ४ |
|  ५ |  ६ |  ७ |  ८ |
|  ९ |  १० |  ११ |  १२ |
|  १३ |  १४ |  १५ |  १६ |

- आवश्यकता र चाहनाका चित्रहरू भएको पोस्टर भित्तामा टाँस्नुहोस् । सहभागीहरूलाई आ-आफ्नो कापीमा १ देखि १६ सम्म हुने गरी तलको तालिका बनाउन लगाउनुहोस् ।

| क्र सं. | चित्रको नाम | आवश्यकता | चाहना | कारण |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| . | | | | |
| १६ | | | | |

- पहिलो कोठामा नम्बर १ को चित्रको नाम लेखी त्यो कुरा उहाँहरूका लागि आवश्यकता हो कि चाहना हो ? सम्बन्धित कोठामा ठिक (√) चिह्न लगाउन र त्यसको कारण पनि लेख्न लगाउनुहोस् ।
- त्यसरी नै २, ३, ४, .... १६ सम्मका सबै चित्रहरू उहाँहरूका चाहना वा आवश्यकता के हुन सबै कोठामा चिह्न लगाई कारण पनि लेख्न लगाउनुहोस् ।
- ५/५ जनाको समूह बनाउनुहोस् ।
- आ-आफ्नो समूहमा छलफल गर्दै तलको तालिका भर्न लगाउनुहोस् :

| क्रसं. | चित्रको नाम | आवश्यकतामा रेजा हान्ने मध्येको | | चाहनामा रेजा हान्ने मध्येको | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | कारण | सङ्ख्या | कारण |
| १ | | | | | |
| २ | | | | | |
| १६ | | | | | |

- सबै समूहलाई पालैपालो समूहको निष्कर्ष प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**जानी राखौं :**

बालअधिकारका चार बाकसहरू

बा = बाँच्न पाउने अधिकार (Right to Survival)

सं = संरक्षणको अधिकार (Right to Protection)

वि = विकासको अधिकार (Right to Development)

स = सहभागिताको अधिकार (Right to Participation)

१. बा = बाँच्न पाउने अधिकार (Right to Survival)

- गर्भवती महिलालाई विशेष स्याहार
- सुरक्षित जन्म
- खोप तथा स्वास्थ्य स्याहार
- पोषणयुक्त खाना
- सफा पानी
- माया, ममतापूर्ण पालन पोषण र हेरचाह
- मौसम अनुसारको लुगाफाटा, ओढ्ने, सुरक्षित बसाइ र हुर्काइ

३. वि = विकासको अधिकार (Right to Development)

- स्वच्छ र रमाइलो वातावरणमा असल शिक्षा आर्जन
- खेल, मनोरञ्जन र आराम
- खोप
- बिरामी हुँदा तथा स्वस्थ रहनका लागि आवश्यक स्वाथ्योपचार
- आमाबाबु दुवैको भरपूर माया ममतामा हुर्कन पाउनु उचित
- मार्ग दर्शन र राम्रो पारिवारिक वातावरण

२. स = संरक्षणको अधिकार (Right to Protection)

- गर्भैदेखि भेदभावबाट संरक्षण
- दुर्व्यवहार, पीडा, शोषण, परित्याग, हेला, अपमान, गाली आदिबाट संरक्षण
- कुटपिट यातनाबाट संरक्षण
- यौन शोषण, श्रम शोषण हुनबाट संरक्षण
- हानिकारक काम तथा युद्धमा संलग्नताबाट संरक्षण
- बेचबिखन, ओसारपसार हुनबाट संरक्षण
- लागु तथा नसालु पदार्थको कुलतबाट संरक्षण
- कानुनी संरक्षण

४. स = सहभागिताको अधिकार (Right to Participation)

- निर्णयमा बालबालिकाको सहभागिता
- रचनात्मक कार्य, सामाजिक र सांस्कृतिक गतिविधिहरूमा सहभागिता
- आस्था अनुसारको धर्ममा संलग्न हुन पाउने
- कुनै कुराको जानकारी तथा सूचना पाउने र अभि( व्यक्त गर्ने
- सङ्घ संस्था खोल्ने तथा सहभागी हुने
- बालबालिकाको विचार र भावनाको कदर
- स्थानीय निकायको बालबालिका सम्बन्धी योजना तथा निर्णय प्रक्रियामा सहभागिता

**प्रतिविम्बन** : तलका प्रश्नका आधारमा यस सत्रको प्रतिविम्बन गराउनुहोस् :

- असल शिक्षा प्राप्त गर्न पाउनु बालबालिकाको अधिकार हो भने यस प्रति बालबालिकाको जिम्मेवारी के के हुन्छ ?
- कम्प्युटर तपाईंहरूको लागि आवश्यकता हो कि चाहना हो, किन ?
- बाल अकिारको संरक्षण विद्यालयले कसरी गर्न सक्छ ?
- बाल अधिकारको संरक्षण गर्न अभिभावकका लागि विद्यालयले के गर्न सक्छ ?

नोट :

थप जानकारीको चाहना भए यी सामग्रीहरू अध्ययन गरौं :

१. विद्यालयमा बाल अधिकार संरक्षण सहयोगी पुस्तक
(CWIS) जिशिका काठमाडौं, ललितपुर र भक्तपुर

२. बाल अधिकार सचेतना पुस्तिका (CWIS)

३. बाल संरक्षण स्रोत सामग्री
World vision जिल्ला बाल कल्याण समिति, मोरङ

४. Aflateen Manual in Partnership with Master Card Foundation

# ११. बचत, खर्च र लगानी

| दिन : दोस्रो | सत्र : दोस्रो | समय : १ घन्टा |
| --- | --- | --- |

**परिचय :**

पैसाको सुरक्षा र बचत गर्ने क्रममा औपचारिक रूपमा नेपालका एक तिहाइ मानिसले मात्र बैंक तथा वित्तीय सुविधा पाउने गरेको अनुमान नेपल राष्ट्र बैंकले गरेको छ । जनता समक्ष बैंक तथा वित्तीय संस्थाको पहुँच बढाई बचत तथा वित्तीय संस्थामा कारोवार गर्नेहरूको प्रतिशत बढाउनु आवश्यक छ । बैंक तथा वित्तीय संस्थामा खाता खोलेर पैसा बचत गर्ने बारेमा जनचेतना फैलाउनु आजको आवश्यकता हो । आवश्यक कार्यमा मात्र पैसा खर्च गर्न र उत्पादनशील काममा लगानी गरेर आम्दानी गरी बचत गर्ने बानी बसाल्नु अनिवार्य हुन्छ । पैसाको साथसाथै अन्य स्रोतहरूको उपभोगमा पनि बचत गर्नु आवश्यक छ । यसले अप्रत्याशित रूपमा पैसा बचत हुने र अरुको उपभोगलाई पनि सम्बन्धित स्रोतले पुग्ने कुराको ख्याल राख्न पनि सङ्केत गरिरहेको हुन्छ । यी कुराहरू सम्बन्धी अभ्यास कक्षाकोठामा गराउन सहयोग पुऱ्याउने हेतुले यो सामग्री यस तालिममा समावेस गरिएको हो ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- पैसा र अन्य स्रोतको बचत गर्ने तरिका बताउन ।
- अनावश्यक खर्च गर्ने बानी घटाउन ।
- उत्पादनशील कार्यमा लगानी गर्नुपर्छ भन्ने कुरामा यकिन गर्न ।

**प्रशिक्षण सामग्री :**

- मेटाकार्ड, न्युजप्रिन्ट, स्केल, साइन पेन, टेप आदि ।

**पूर्वतयारी :**


- तिन ओटा मेटाकार्डमा "सहमत", "असहमत" र "थाहाछैन" लेखेर राख्नुहोस् ।


**प्रशिक्षण क्रियाकलाप :**

**क्रियाकलाप नं. १**

**अवलोकन र छलफल**

➢ सहभागीलाई चार समूहमा विभाजन गरेर तलका चित्रात्मक अभिव्यक्तिहरू मध्ये प्रत्येक समूहलाई एक-एक ओटा वितरण गर्नुहोस् र अवलोकन गरी छलफल गर्न लगाउनुहोस् :




गरीबीको दुश्चक्र र सम्पन्नताको असल चक्र
गरीबीको दुश्चक्र
कम उत्पादन
कम आम्दानी
फजुल खर्च
श्रोतमा पहुंच नहुनु
कमजोर आर्थिक अवस्था
अपर्याप्त पोषण
कमजोर स्वास्थ्य
सम्पन्नताको असल चक्र
धेरै उत्पादन
बचत
वैकल्पिक
आम्दानीका
श्रोतहरु
लगानी
आम्दानीमा वृद्धि
पर्याप्त पोषण
युक्त खाना
राम्रो स्वास्थ्य


सम्पन्नताको सिंढी
सम्पति निर्माण र
सम्पन्न जिवन
वैकल्पिक आम्दानीका
श्रोतहरु
ऋण भुक्तानी
व्यवसाय सुरुवात वा
विस्तार
वित्तीय संस्थाबाट ऋण
वित्तीय साक्षरतामा सहभागी
वित्तीय संस्थामा सदस्यता
वित्तीय सेवाको उपयोग
समूहमा सहभागीता
नियमित बचत शुरु
साहुबाट ऋण
आर्थिक अभाव र गरिबी

- आ-आफ्नो समूहको चित्रले दिन खोजेका सन्देश र विद्यार्थीलाई सिकाउने तरिका न्युजप्रिन्टमा लेख्न लगाई समूहलाई पालैपालो प्रस्तुत गर्न लगाउनुहोस् ।

**कियाकलाप नं. २: कहाँ उभिने खेल (Value line game)**

| | |
|---|---|
| आफूसँग बचेको पैसा बचत गर्दा खुत्रुकेमा राख्नु सुरक्षित ठानिन्छ । | पैसालाई गाग्रोमा हाली जमिनमुनि गाडेर राख्दा सुरक्षित हुन्छ । |
| किताबभित्र लुकाएर राख्दा पैसा सुरक्षित हुन्छ । | पैसालाई फोटो फ्रेम भित्र लुकाएर राखे सुरक्षित हुन्छ । |
| खोपामा राखेर छोप्दा पैसा सुरक्षित हुन्छ । | सुत्ने कोठामा कार्पेटमुनि राख्दा सुरक्षित हुन्छ । |
| आफूसँग बचेको पैसा बुबाआमालाई राख्न दियो भने सुरक्षित हुन्छ । | पैसा दराजको लकरमा राख्दा पनि सुरक्षित हुन्छ । |
| बुबाआमाको सहयोगमा बैङ्कमा खाता खोलेर पैसा राख्ने गर्दा सुरक्षित हुन्छ । | शिक्षकको सहयोगमा सामूहिक खातामा पैसा राख्दा बचत सुरक्षित हुन्छ । |

- सहमत, असहमत र थाहा छैन लेखिएका मेटाकार्डहरू तिनतिर भित्तामा टाँस्नुहोस् ।
- सबै सहभागीलाई कक्षाको बिचमा ल्याएर उभ्याउनुहोस् ।
- खेलको नियम बताइदिनुहोस् ।

कक्षाको तिनतिरका भित्ताहरूमध्ये एउटामा ‘सहमतु, अर्कोमा ‘असहमतु र तेस्रोमा ‘थाहा छैनु लेखेका कार्डहरू टाँसिएका छन् । खेल शुरू हुने बेलामा सबैजना साथीहरू कक्षाको बिचमा आएर उभिनु पर्छ । म एउटा भनाइ पढेर सुनाउँछु । त्यो भनाइसित सहमत हुने साथीहरू ‘सहमतु लेखिएका कार्डमुनि, असहमत हुने ‘असहमत’ लेखिएको कार्डमुनि र त्यसबारेमा थाहा नहुने साथीहरू ‘थाहा छैनु लेखिएको कार्डमुनि गएर उभिनु पर्छ । सहमत र असहमत क्षेत्रमा उभिने साथीहरूका लागि थाहाछैन समूहका साथीहरूलाई आफू तर्फ तान्ने गरी तर्क दिन दुईदुई मिनेटको समय सीमा हुन्छ । ‘थाहा छैनु समूहका सबै साथीहरू सहमत तथा असहमत समूहतर्फ गइसकेपछि फेरि सहमत र असहमत समूहका साथीहरूलाई आ-आफ्नो समूहतर्फ तान्ने गरी तर्क दिन थप दुईदुई मिनेट समय सीमा हुनेछ । जसको तर्क बलियो हुन्छ त्यसैतर्फ अर्को समूहका साथीहरू पनि जानुपर्ने हुन्छ । अरू भनाइमा पनि यही क्रम दोहोरिने छ ।

- सबै भनाइमा खेल खेलाउनुहोस् ।
- खेलको निष्कर्ष बताइदिनुहोस् ।

**बैङ्कमा खाता खोलेर पैसा जम्मा गरी राखेमा सुरक्षित हुन्छ ।**

**विद्यालय बचत कार्यक्रममा सहभागी भएर बचत सम्बन्धी अनुशासन सिक्नुपर्छ ।**

**कियाकलाप नं. ३ : घटना अध्ययन**

रोजी कक्षा ९ मा अध्ययन गर्छिन् । उनले बचतका बारेमा कक्षामा पढेकी छिन् । उनका परिवारमा सबै सदस्यहरू खुत्रुकेमा बचत गर्छन् । अनावश्यक खर्चका रूपमा चुहावट हुने व्यवहारलाई उनीहरूले सकेसम्म रोकेका छन् । खुत्रुके भरिएपछि बैङ्कमा खाता खोलेर बचात गर्ने उनहिरूको सोच छ ।

उनको परिवारमा सबैजना को बिजुली बत्ती, धाराको पानी र यस्तै अरू स्रोतसाधनको पनि बचत गर्ने बानी छ । उनीहरू सबै कुराको उपभोग किफायती तरिकाले गर्ने गर्छन् । यसरी अन्य स्रोतसाधनको बचत गर्दा उनीहरूको खर्च कम हुन गई पैसा बचत हुन्छ ।

अहिले उनीहरूको खुत्रुके भरिएछ । बुबा र रोजी मिलेर खुत्रेके फुटाए । खुत्रुकेमा ५,६०० रूपयाँ जम्मा भएको रहेछ । रोजीको नाममा बैङ्कमा बचत खाता खोलेर पैसा जम्मा गर्ने सल्लाह भयो । तर रोजी १६ बर्ष नपुगेकी हुँदा उनको नागरिकताको प्रमाणपत्र छैन । बैङ्कमा खाता खोल्न नागरिकताको प्रमाणपत्र अनिवार्य हुन्छ । बैङ्कमा नाबालकको नाममा खाता खोल्नु परेमा बुबा वा आमाको नागरिकता र नाबालकको जन्मदर्ता प्रमाण पत्र आवश्यक पर्छ । त्यसैले बुबाको नागरिकता, रोजीको दुई प्रति फोटो र जन्म दर्ता प्रमाण पत्र लिएर दुवै जना बैङ्कमा गए । बैङ्कका कर्मचारीको सहयोगमा बचत खाता खोल्ने फाराम भरे । खातावालाको नाममा रोजीको नाम लेखे । रोजी र बुबा दुबैको फोटो टाँसे । बुबाको नागरिकताको फोटोकपी राखे । रोजीको जन्मदर्ताको फोटोकी पनि राखे । पैसा जम्मा गर्ने भौचर भरे । संरक्षकको नाममा बुबाले सही गर्नुभयो । दस्तखत नमुना कार्डमा बुबा र रोजी दुवैले सही गरे । कागजपत्र सबै बैङ्कमा बुझाए । रोजीको नाममा बचत खाता खोलियो । बैङ्क कर्मचारीले उनीहरूलाई चेक बुक दिए । चेकबुक लिएर बुबा र रोजी घर फर्के । खातामा पैसा धेरै जम्मा भएपछि उनीहरूले एटिएम कार्ड लिने पनि सोच राखेका छन् ।

**प्रश्नहरू :**

१) बचत भनेको के हो ? र कसरी गर्नु हुन्छ ?

२) रोजीले अनावश्यक खर्चका रूपमा पैसा चुहावट हुने व्यवहारहरूलाई कसरी नियन्त्रण गरेकी छिन् ? अनावशयक खर्चलाई तपाई कसरी रोक्नु हुन्छ ?

३) बैङ्कमा बचत खाता खोल्नका लागि कुन कुन कागजहरू अनिवार्य हुन्छन् ?

४) बैङ्कमा खाता कसरी खोलिन्छ ?

५) पैसा बाहेक अरू कुन कुन स्रोतको बचत गर्न जरूरी छ ?

- सहभागीहरूलाई तिन समूहमा विभाजन गर्नुहोस् । समूहको एकजना साथीलाई घटना पढेर सुनाउन लगाउनुहोस् । साथीहरू बिच छलफल गरेर दिइएका प्रश्नहरूको उत्तर न्युजप्रिन्टमा लेख्न लगाउनुहोस् । पालैपालो सबै समूहका साथीहरूलाई अगाडि गएर आ आफ्नो समूहको प्रस्तुतीकरण गर्न लगाउनुहोस् ।

**कियाकलाप नं. ४: सत्य झुटो खेल**

| | |
|---|---|
| १. पैसाको बचत गऱ्यो भने पानी, बिजुली आदि आफैँ बचत हुन्छ । | २. खानेकुरा कम खाएर पनि पैसा बचत गर्नुपर्छ । |
| ३. फजुल खर्च गरिएन भने पैसा बचत हुन्छ । | ४. बचत गरेको पैसालाई उत्पादनशील काममा लगाउनु पर्छ । |

| | |
|---|---|
| ५. जुनसुकै स्रोतसाधन (पानी, विजुली अदि) को उपभोग गर्दा बचत गर्ने बानी बसाल्नु पर्छ । | ६. बैङ्कमा बचत खाता खोल्न जग्गा धनी पुर्जा चाहिन्छ । |
| ७. बिरामी पर्दा उपचारमा लागेको खर्च अनावश्यक चुहावट हो । | ८. बैङ्कमा पैसा जम्मा गर्न भौचर भर्नुपर्छ । |
| ९. संरक्षकले चाहेमा नाबालकका नाममा पनि बैङ्क खाता खोल्न सकिन्छ । | १०. बचत गरेको पैसाले महङ्गा लुगा किन्ने सोच राख्नु राम्रो हो । |
| ११. बाबुआमालाई धम्क्याएर पनि पैसा मागी बचत गर्नुपर्छ । | १२. बचत गर्नका लागि कसैको पैसा चोरे पनि हुन्छ । |

- सबैजना सहभागीहरूलाई चउरमा लगेर बराबर हुने गरी दुई लाइनमा उभ्याउनुहोस् ।
- लाइनको केही मिटर अगाडि एक एकओटा कुर्सी राख्नुहोस् ।
- एउटा मेटाकार्डमा 'सत्य' र अर्कोमा 'झुठो' लेखेर सबैले देख्ने गरी एक एक ओटा कुर्सीमा टाँस्नुहोस् ।
- दुवै लाइनका सहभागीहरूलाई क्रमशः १, २ .. गर्दै रोलनम्बर राख्न लगाउनुहोस् ।
- खेलको नियम पढेर सुनाउनुहोस् :

म एउटा अभिव्यक्ति पढेर सुनाउँछु । त्यो भनाइ 'सत्य' वा 'झुटो' के हो मनमनै छुट्याइ राख्नुहोस् । त्यसपछि कुनै एउटा रोल नम्बर भन्नेछु । दुवै लाइनबाट सम्बन्धित रोल नम्बरका साथीहरू दौडेर सही कुर्सीमा जो पहिला बस्नु हुन्छ त्यस समूहको अङ्क आउँछ । यसरी भनाइहरू नसकिएसम्म खेल खेल्दा बढी नम्बर ल्याउने समूह विजयी हुनेछ ।

- अभिव्यक्तिहरूको सही उत्तर तल दिइएको छ :

| | |
|---|---|
| १ झुटो : | किनभने पैसा बचत गर्दैमा अरू स्रोतहरूको बचत आफैं हुँदैन । सबै स्रोतहरूको बचत गर्न सक्नुपर्छ । |
| २ झुटो : | किनभने कम खायो भने बिरामी पर्न सकिन्छ । बिरामी भएपछि काम गर्न सकिँदैन । काम नगरेपछि पैसा कमिदैन । पैसा नै नभएपछि कसरी बचत गर्ने ? |
| ३ सत्य : | किनभने फजुल खर्च गर्नु भनेको पैसा उडाउनु मात्र हो । जथाभावी खर्च गरिएन भने पैसा जोगिन्छ । पैसा जोगाउनुभनेको बचत नै हो । |
| ४. सत्य : | किनभने उत्पादनशील कामबाट अरु आमदानी हुन्छ । यसबाट थप बचत गर्न सकिन्छ । |
| ५ सत्य : | किनभने यस्ता स्रोतसाधनहरू सीमित हुन्छन् । एउटाले यिनीहरूको जथाभावी प्रयोग गऱ्यो भने अरूलाई पुग्दैन । |
| ६ झुटो : | किनभने बैंकमा खाता खोल्न नागरिकताको प्रमाणपत्र र अर्को एउटा परिचय खुल्ने कागज भए पुग्छ । |
| ७ झुटो : | किनभने बिरामी हुँदा उपचार गर्नका लागि पनि बचत गरिन्छ । यो खर्च त अनिवार्य खर्चभित्र पर्छ । |

८ सत्य : किनभने जुनसुकै खातामा रकम जम्मा गर्न बैंक भौचर भर्नु पर्छ । यो बैंकहरूको नियम हो ।

९ सत्य : किनभने संरक्षकले बैंकको सहयोगमा नाबालकका नाममा खाता खोलिदिन सक्छ । यो बैंकहरूको नियम हो ।

१० झुटो : किनभने यो सोच बचत बिरोधी हो । महंगो लुगामा पैसा खर्च गर्नु भनेको पैसा उडाउनु मात्र हो ।

११ झुटो : किनभने बाबुआमालाई धम्क्याएर पैसा माग्नु हुँदैन । यसो गरियो भने उहाँहरूलाई व्यवहार चलाउन कठिन पर्न सक्छ । आफू पनि अशिष्ट बनिन्छ । धम्क्याएर पैसा माग्नु नैतिकका विपरित पनि हुन्छ ।

१२ झुटो : किनभने चोरी गर्नु अपराध हो । अपराध गरेर बचत गर्नु वित्तीय शिष्टाचार भित्र पर्दैन ।

- क्रमशः सबै अभिव्यक्ति पढेर खेल खेलाउनुहोस् ।
- अन्त्यमा बढी अङ्क ल्याउन सफल समूहलाई बधाइ दिनुहोस् ।

**प्रतिविम्बन :**

- तलका प्रश्न सोध्ने :
  - बचत गर्नु पर्ने कारणहरू के के हुन् ?
  - लगानी गर्दा ख्याल गर्नु पर्ने कुराहरू के के हुन् ?
  - बचतको चुहावट कसरी हुन्छ ?
  - पैसा बचत गर्ने तरिकाहरू के के रहेछन् ?
  - पैसा बाहेकका अन्य स्रोतको बचत कसरी गर्ने गर्नुभएको छ ?

**जानि राखौं :**

बचत भनेको जोगाउनु हो । यसलाई सञ्चय गर्नु पनि भनिन्छ । पैसा मूल्यवान वस्तु हो । यसलाई बचाउनु पर्छ । पैसा बचाउनका लागि यसलाई सुरक्षित तरिकाले राख्नु पर्छ । बैङ्कमा पैसा बचत गर्दा यो सुरक्षित हुन्छ । पैसा बचत गर्नाले भविष्यमा काम लाग्छ । बिरामी हुँदा, असक्त हुँदा र आमदानी गर्न नसकेका बखत बचत गरेका पैसाले काम दिन्छ । मानिसहरूले दुई तरिकाले बचत गर्छन् । घरमा खुत्रुकेमा छिराएर सानोतिनो रकम बचत गर्छन् र ठुलो रकम बैङ्कमा जम्मा गर्छन् । तर विद्यालयमा पढ्ने विद्यार्थीहरूले तिन तरिकाले बचत गर्नुपर्छ । खुत्रुके प्रणालीका साथै विद्यालय बचत कार्यक्रममा पनि भाग लिनुपर्छ । बैङ्क प्रणालीको बचत कार्यक्रम झन राम्रो तरिका भइ हाल्यो ।

थप जानकारीका लागि यी सामग्रीहरू पढ्न सक्छौं :

१. Aflateen Manual in Partnership with the Master Card Foundation

२. विद्यार्थीसँग नेपाल राष्ट्र बैङ्क- नेपाल राष्ट्र बैङ्क

३. वित्तीय साक्षरता तालिम निर्देशिका, नेपाल राष्ट्र बैङ्क

४. वित्तीय साक्षरता तालिम पुस्तिका, - Mercy Corps, Nepal

# १२. वित्तीय निर्णय प्रक्रिया

| | | |
|---|---|---|
| दिन : दोस्रो | सत्र : तेस्रो | समय : १ घन्टा ३० मिनेट |

**परिचय :**

वित्तीय निर्णय गर्नु पूर्व समालोचनात्मक तरिकाले सोच्नु पर्छ। समालोचनात्मक भन्नाले निर्णय गर्दा प्राप्त हुन सक्ने सकारात्मक र सुधार गर्नु पर्ने कुराहरूलाई केलाउनु हो। हतारमा गरिने निर्णयले सकारात्मक परिणाम दिँदैन । परिणाम सकारात्मक नभए त्यसबाट प्राप्त हुने अनुभूति पनि सुखद हुँदैन । समस्या समाधानका लागि विभिन्न विकल्प लिई यिनीहरूलाई परिणाम र अनुभूतिमा कसी लगाई उपयुक्त हुनेलाई छनोट गरेर कार्यन्वयनमा ल्याउनु पर्छ । वित्तीय मामिला होस् वा अन्य निर्णय गर्दा यी कुराहरूलाई विचार पुऱ्याएर मात्र टुङ्गोमा पुग्ने सिप विद्यार्थीलाई सिकाउन सहयोग पुगोस् भनेर शिक्षकहरूको यस तालिममा यस विषयवस्तुलाई समावेश गरिएको हो ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नानुसार गर्न सक्षम हुनु हुनेछ :**

- निर्णय गर्नु पूर्व समालोचनात्मक तवरले सोच्न,
- निश्चित ढाँचामा निर्णय गर्न ।

**प्रशिक्षण सामग्री :**

- न्युजप्रिन्ट, साइनपेन, स्केल, टेप आदि।

**पूर्वतयारी :**

- सामग्रीमा भएका समालोचनात्मक सोच र निर्णयको ढाँचा अध्ययन गरिराख्नुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

**सोचेर निर्णय गरौँ**

१. पारिवारिक खर्चको जोहो कसरी गर्ने हो ? कुनै उपाय सोच्नु पऱ्यो ।

२. व्यवसाय गर्न बैंकले ऋण दिन्छ भन्छन् तर साँवा र व्याजको किस्ता तिर्न सकिएन भने त धितो लिलाम हुन्छ त ।

३. होइन, सानो व्यवसाय रोज्यो भने थोरै पैसाले पनि यसलाई सञ्चालन गर्न सकिन्छ । ऋण तिर्न पनि सजिलो हुन्छ । बाख्रा पालन गरौं कि ?

४. बाख्रा मरे भने त सखाप हुन्छ । तर भेटनरी नजिकै छ । उपचार गराउन सकिन्छ नि । धेरै जनाले बाख्रा पालनबाट आर्थिक अवस्था सुधारेका छन् ।

५. खोर बनाउने ठाउँ र घाँसको व्यवस्था गर्न हाम्रो परिवार सक्षम छ त ?

६. घरपछाडि खोर बनाउने र टाट्नो राख्ने ठाउँ छ । बाख्राको घाँस बारीमा नै लगाउन सकिन्छ । यो व्यवसाय राम्रै हुन्छ होला । बरू बैंक गएर ऋणबारे सोधपुछ गर्नु पर्छ कि ?

७. बैंकले त राम्रै कुरा बतायो । जग्गाको धनीपुर्जा राखेर ऋण लिन पाइदो रहेछ । ६ -६ महिनामा ब्याज तिर्दा हुँदो रहेछ । साँवाको किस्ता वर्षमा एक पटक तिर्दा हुँदो रहेछ । एक वर्ष पछिको साँवाको किस्ता तिर्न त खसी र पाठा पाठी बेचेर पनि सकिन्छ नि ।

८. त्यसो हुँदा यही व्यवसाय गर्छु । भोलिनै बैङ्क गएर कर्जा लिन्छु । दस ओटा माऊ बाख्रा किनेर यो व्यवसाय सुरू गर्छु ।

- माथि बाकसमा दिइएको पहिलो भनाइ सबै साथीहरूले सुन्ने गरी ठुलो स्वरमा पढेर सुनाउनुहोस् ।
- केहिबेर सबैलाई सोच्न दिनुहोस् ।
- यसरी नै सबै भनाइहरू पढेर सुनाउँदै सोच्ने मौका दिनुहोस् ।
- ती भनाइहरूमा सोचेर कसो गर्ने निर्णय भयो तिन चारजना स्वयम्सेवीलाई सबैले सुन्ने गरी बताउन लगाउनुहोस् ।

**हाम्रो निर्णयको ढाँचा**

| समस्या | विकल्पहरू | | परिणाम | अनुभूति |
|---|---|---|---|---|
| पैसा छैन | बैंकबाट ऋण लिने | | आवश्यक पर्दा निश्चित व्याजमा रकम प्राप्त हुने | उत्साह बढ्ने |
| | | | नियमित किस्ता तिर्न कठिन हुने | चिन्ता बढ्ने |
| | स्थानीय साहुसँग ऋण लिने | | तुरुन्तै रकम प्राप्त गर्न सकिने | आनन्द हुने |
| | | | बढी व्याज तिर्नु पर्ने | पिरलो हुने |
| | आफन्तसँग ऋण लिएर गर्जो टार्ने | | तत्कालको व्यवहार टर्ने । | क्षणिक आनन्द हुने |
| | | | समयमा तिर्न नसके सम्बन्धमा आँच आउने | ग्लानि हुने |

उपयुक्त निर्णय : बैंकबाट ऋण लिने ।

किनभने : आवश्यकता अनुसार निश्चित व्याज तिर्ने गरी रकम प्राप्त गर्न सकिन्छ ।

अरू विकल्प किन छाड्ने ?

दोस्रो विकल्पको हकमा : साहुले ठग्न सक्ने ।

तेस्रो विकल्पको हकमा : यो उत्पादनशील छैन, यसले झन बढी आर्थिक बोझ थप्छ । ऋण तिर्न नसकेर बेइज्जती समेत हुने डर हुँदा यसो पनि नगर्ने ।

| समूह | शीर्षक |
|---|---|
| क | पैसा जम्मा गर्न खाता खोल्ने<br>विकल्पहरू : चल्ती, बचत, मुद्दती |
| ख | पैसा छ । लगानी कहाँ गर्ने ?<br>विकल्प : सेयर खरिद गर्ने, म्युचुअल फण्डमा लगानी गर्ने, ऋणपत्र खरिद गर्ने |

| | |
|---|---|
| ग | पैसा चाहियो, कहाँबाट लिने ?<br><br>विकल्पहरू : बैंक, सहकारी, व्यापारी |
| घ | बैंक खातामा रहेको आफ्नो पैसा कसरी झिक्ने<br><br>विकल्पहरू : एटिएम् कार्ड, चेक, नगद भुक्तानी रसिद (withdrawal slip) |

- सहभागीहरूलाई चार समूहमा विभाजन गर्नुहोस् ।
- समूहका नामहरू समूह 'क', 'ख', 'ग' र 'घ' राख्नुहोस् ।
- माथि तालिकामा तोकिएअनुसारका शीर्षकमा छलफल गरेर माथिकै ढाँचामा निर्णय गर्न लगाउनुहोस् ।
- यसलाई न्युजप्रिन्टमा तयार पारी पालै पालो प्रस्तुत गर्न लगाउनुहोस् ।

१. **चल्ती खाता** (Current account)

- आफूले चाहेको जुनसुकै बखत रकम जम्मा गर्न र झिक्न सकिने खाता ।
- जम्मा रकमको बैंकले तोकेको केही (नगन्य) रकम बाहेक अरु रकम झिक्न सकिने ।
- यसमा खास ब्याज नपाइने ।

२. **बचत खाता** (Saving account)

कुनै पनि समयमा जति पनि रकम जम्मा गर्न सकिने ।

रकम झिक्दा बैकले तोकेको सीमामा रहेर झिक्नु पर्ने ।

केही व्याज पाइने

३. **मुद्दती खाता** (Fixed deposit)

- निश्चित समयावधि तोकी रकम जम्मा गर्न सकिने (जस्तैः ३ महिना, ६ महिना, १ वर्ष वा सोभन्दा बढी अवधि तोक्नु पर्ने)
- यसमा बचत खाता भन्दा बढी व्याज पाइने
- अवधि नपुगी रकम झिक्न नमिल्ने
- पैसाको खाँचो पर्दा यस खाताबाट सापटी लिन पाइने ।

४. **सेयर** (Share)

- बैंक र अन्य इजाजत प्राप्त कम्पनिले आफ्नो पूँजी बढाउन निस्काशन गरेको लगानी पत्र ।
- साधारण सेयर निस्कासकले तोकेको समयभित्र खरिद गर्न सकिने ।
- सेयर बजारमा अरूका सेयर खरिद गर्न पनि सकिने ।
- सेयर धनी भए वापत नगद लाभांश र बोनस सेयर पनि पाइने ।

**५. सामूहिक लगानी कोष (Mutual Fund)**

- ब्यक्ति वा संस्थासँग छरिएर रहेको ससानो रकमलाई सरकारी वा इजाजत प्राप्त कुनै संस्थाले समेटेर स्थापना गरेको कोष ।
- समयावधि तोकिएको यस्तो कोषलाई क्लोज इन्डेड स्किम र सधैं सञ्चालन गरिनेलाई ओपन इन्डेड स्किम भनिन्छ ।
- यस फन्डमा रकम जम्मा गर्नेले लाभांश पाउने ।

**६. एटिएम कार्ड (ATM card)**

- बैंकको खातामा रहेको आफ्नो रकम झिक्ने विद्युतीय कार्ड ।
- यस कार्डमा पिन नम्बर हुन्छ । यसलाई गोप्य राख्नु पर्छ ।
- यो कार्ड प्रयोग गरी विद्युतीय मेशिनबाट पैसा झिक्न सकिन्छ ।
- पैसा झिक्न मेसिनमा यो कार्ड छिराएपछि पिन नम्बर दिनुपर्छ । चाहेको रकम टाइप गरेपछि मेशिनले पैसा निकालिदिन्छ ।
- यस कार्डद्वारा बैंक स्टेटमेन्ट पनि थाहा पाउन सकिन्छ ।

**७. क्रेडिट कार्ड (Credit card)**

- यो पनि एटिएम कार्ड जस्तै विद्युतीय कार्ड हो ।
- यसले बैंकमा रहेको आफ्नो खातामा पैसा नहुँदा पनि बैंकले स्वीकृति दिए अनुसार सापटीका रूपमा पैसा झिक्न सकिन्छ ।
- बजारमा किनमेल गर्दा वा कसैलाई तिर्नुपर्ने दायित्व पुरा गर्न यसको सुविधा भएको ठाउँमा गई पैसा झिक्न सकिन्छ ।
- यस कार्डबाट झिकेको रकम बैंकले तोकेको समयमा खातामा जम्मा गरिदिनुपर्छ ।

**८. इन्टरनेट बैंकिङ्ग**


- आफ्नो खातामा रहेको रकम इन्टरनेटबाटै सञ्चालन गर्ने प्रक्रिया ।
- नगद वा चेकद्वारा गरिने कारोबारलाई विद्युतीय माध्यमबाट सम्पन्न गरिने तरिका ।
- खातामा रहेको पैसाको कारोबार इन्टरनेटबाट नै हुने प्रक्रिया ।

**कहाँ बस्ने**

- सहभागीहरूलाई चउरमा लगेर बराबर सङ्ख्यामा हुने गरी दुई लाइनमा उभ्याएर एकैतर्फ हेर्न लगाउनुहोस्। सहभागी उभिएको अगाडि एउटा सिमा रेखा खडा गर्नुहोस् । अन्दाजी चार मिटर पर नौ ओटा कुर्सीलाई चित्रमा देखाए जस्तै तिन लाइनमा मिलाएर राख्नुहोस् । खेलका लागि सबैलाई तयारी अवस्थामा रहन सूचना दिनुहोस् । खेलको नियम बताइदिनुहोस् :

ताली बजाएपछि दुवै लाइनबाट अगाडि उभिने एकएक जना साथीहरू दौडेर गई कुनै एकएक ओटा कुर्सीमा बस्नुहोस् । फेरि ताली बजेपछि दुवै लाइनका अगाडिका एकएक जना साथीहरू दौडेर खाली कुर्सीमा बस्नुहोस् । यसरी नौ ओटै कुर्सी नभरिएसम्म ताली बज्छ । तपाईहरू लाइनबाट क्रमैसँग अगाडि जाँदै कुर्सीमा बस्नुहोस् । एउटै समूहका साथीहरू ठाडो, तेर्सो वा छड्के लहरमा बस्न सफल हुने समूहले १ नम्बर प्राप्त गर्छ । अब कुर्सीमा बसेका सबै साथीहरू आ-आफ्नो लाइनको पछाडि

गएर उभिनुहोस् । अगाडि हुने साथीहरू तालीका सङ्केतमा खेल्दै जानुहोस् । अघिको जस्तै ठाडो, तेर्सो वा छड्के लहरमा आफ्नो समूहका साथीहरू मिलेर बस्न सकेमा नम्बर आउँछ । आफ्नो समूहको साथी पहिचान गर्न हातको सङ्केत निर्धारण गर्नुहोस् जस्तै : एक समूहले कुर्सीमा बस्दा हात बाँध्ने र अर्को समूहले टाउकोमा हात राख्ने गर्नुहोस् । यसका लागि पहिले नै सल्लाह पनि गर्नुहोस् । खेलको अन्त्यमा जुन समूहले बढी अङ्क ल्याउँछ त्यो समूहलाई विजयी घोषणा गरिने छ ।



- ताली बजाउँदै खेल खेलाउनुहोस् । विजयी घोषणा गर्नुहोस् ।

**प्रतिविम्बन :**

- तलका जस्ता प्रश्नहरू सोधेर प्रतिविम्बन गर्नुहोस् :

➢ बैङ्कबाट ऋण लिएर व्यवसाय गर्ने निर्णय गर्नु पूर्व कुन कुन कुरा सोच्नु पर्छ ?

➢ निर्णय गर्ने ढाँचा भित्र कुन कुन कुरा पर्दछन् ?

➢ निर्णयका विकल्प र परिणाम बिच कस्तो सम्बन्ध हुन्छ ?

➢ विकल्पका परिणामले अनुभूतिमा कसरी प्रभाव पार्छ ?

**जानी राखौँ**

मानिसले जीवनको हरेक घडीमा निर्णय गर्नुपर्छ । सही निर्णयले कार्य सफलता पाइन्छ । गलत निर्णयले असफल होइन्छ । ठुलो कुरामा मात्र निर्णय गर्नुपर्छ भन्छन् । यो गलत हो । साना भन्दा साना कुरामा पनि निर्णय गर्नु अनिवार्य हुन्छ । आज तरकारी के के खाने ? कार्बोहाइड्रेड त भात, रोटी, चिउरा, पाउरोटी आदि जे खाए पनि शरीरले प्राप्त गर्छ । तरकारी छनोट गर्दा कार्बोहाइड्रेड कम हुने र शरीरलाई रोगबाट बचाउने तत्त्व भएको छनोट गर्न सकियो भने रोग लाग्नबाट बच्न सकिन्छ । हरियो तरकारी : सिमी, बोडी, काउली, फर्सी, लौका, इस्कुस, करेला आदि खाने निर्णय भयो भने सही निर्णय भयो । तरूल, आलुदम, पिँडालु (गाना) आदि खाने निर्णय भयो भने गलत निर्णय भयो । किनभने यी तरकारीहरू कार्बोहाइड्रेडयुक्त नै हुन् । कुन खाद्य पदार्थमा के पाइन्छ ? शरीरका लागि के को कमी छ ? बुझेर निर्णय गर्नुपर्छ । विकल्पहरूमध्ये आलुदमले परिणाम सुगरको बिरामी बनाउन सक्छ । किनभने कार्बोहाइड्रेड बढी हुँदा सुगर हुने सम्भावना बढी हुन्छ । तरूल र पिँडालुको परिणाम पनि त्यही हो । यी तरकारी खाने हो भने त भात, रोटी, पाउरोटी आदिको सट्टामा अरूथोक खानु पर्ने हुन्छ । परिणामका रूपमा सुगरको बिरामी हुने तरकारी खाएपछि सुगर भयो भने कस्तो लाग्छ ? दुःख, खेद, बेकार खाएँजस्तो कि कस्तो ? यस्तो लाग्नु अनुभूति हो । अनुभूति सकारात्मक हुने निर्णय गर्नुपर्छ । कुनैपनि निर्णयले परिणाम र अनुभूति सकारात्मक दिन्छ भने त्यो निर्णय सही हो । परिणाम र अनुभूति नकारात्मक प्राप्त हुने निर्णय गलत हुन्छ ।

थप जानकारीका लागि यी सामग्रीहरू अध्ययन गरौं :

१. Skill for Health - Life skill curriculum, World Health Organization

२. Aflateen Manual in Partnership with the Master Card Foundation

३. जीवनउपयोग सिप तालिम पुस्तिका - NCED

४. विद्यार्थीसँग नेपाल राष्ट्र बैङ्क - नेपाल राष्ट्र बैङ्क

५. The aflatoun series - Book 6, 7 and 8.

# १३. नेतृत्व विकास र समँह कार्य

| दिन : दोस्रो | सत्र : तेस्रो | समय : १ घन्टा |
|---|---|---|

**परिचय :**

घरपरिवार, समुदाय तथा देस जहाँपनि नेतृत्व आवश्यक हुन्छ। नेतृत्व लिने र स्वीकार्ने कुरा सबैका लागि महत्त्वपूर्ण हुन्छन् ।नेतृत्व गर्नु भनेको पथप्रदर्शन गर्नु तथा अग्रणी भूमिका खेल्नु हो। आफू र अरू मिलेर समूह बन्छ। सामुहिक नेतृत्वले आफ्नो र अरूको नेतृत्व क्षमता बढाउने कुरालाई सङ्केत गरेको हुन्छ। नेतृत्व ले व्यक्तिगत र सामाजिक विकासमा टेवा पुऱ्याउँछ। नेतृत्व पारदर्शी हुनु पर्छ। पारदर्शी नेतृतवले सबैमा सकारात्मक भावना जगाउँछ। नेतृत्वप्रति अरूले विश्वास गरेमा ताकेको कार्यमा सफलता मिल्छ। अपारदर्शी नेतृत्व क्षणिक रूपमा मात्र सफल देखिएता पनि यसले सर्वजनाय हित गर्दैन। यसले नेतृतवलाई निरन्तरता पनि दिदैन। विद्यार्थीलाई नेतृत्व सिपसम्बन्धी अभ्यास गराउन शिक्षकलाई सहयोग पुऱ्याउनका लागि यो सामग्री यस तालिममा समावेश गरिएको हो।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नकार्य गर्न सक्षम हुनु हुनेछ :**


- नेतृतवलाई परिभाषित गर्न।
- असल नेतृत्वका विशेषताहरू पहिचान गर्न।
- विद्यार्थीमा नेतृत्व विकास हुने खालका क्रियाकलाप छनोट गरी सञ्चालन गर्न।

**प्रशिक्षण सामग्री :**

- न्युजप्रिन्ट, साइन पेन, स्केल, टेप आदि।

**पूर्वतयारी :**

- क्रियाकलाप सञ्चालन प्रक्रियामा यकिन भइराख्नुहोस्।
- प्रशिक्षण क्रियाकलाप :
- सफलताको कथा






विगत २ वर्षदेखि इसा समुन्नत बाल क्लबको सदस्य भएर काम गर्दै आएकी छिन् । उनले विद्यालय र बाहिर पनि सञ्चालन हुने बाल गतिविधिहरूमा अगुवाइ गरिरहेकी छिन । उनी योजना बनाएर यस्ता गतिविधिहरू सञ्चालन गर्छिन् । क्लबका साथीहरूले उनलाई साथ दिन्छन् । कार्यक्रमहरू सञ्चालन गर्न उनले सही रणनीतिहरू लिने गर्छिन्, जस्तै : क्लबमा सही दिशानिर्देश गर्दै काम बाँडफाँड गर्छिन् । कुनै समस्याहरू आइपर्दा वा संघ संस्थाहरूको सहयोग लिनु पर्दा क्लबको प्रतिनिधित्व गर्ने गर्छिन । यसै कारण उनको क्लब सफल छ । यस्ता कार्यहरू गरेकाले उनलाई क्लबबाट अध्यक्ष बन्ने प्रस्ताव आएको छ । सायद उनी यो वर्ष अध्यक्ष हुन्छिन् ।

| समूह क | समूह ख | समूह ग |
|---|---|---|
| नेतृत्वको परिभाषा | इसाका नेतृत्व शैली | विद्यालयको बाल क्लबका लागि रणनीति |

- एक जना स्वयम्सेवक साथीलाई अगाडि गएर इसाको सफलताका कथा पढेर सुनाउन लगाउनुहोस् ।
- यसपछि क, ख, ग भन्न लगाउँदै तिन समूहमा विभाजित गर्नुहोस् ।
- समूह ‘कु लाई नेतृत्व बारे छलफल गरी त्यसको परिभाषा तयार पार्न लगाउनुहोस् । समूह ‘खु लाई नेतृत्व शैली अन्तर्गतका व्यवहारहरूको सूची तयार पार्न लगाउनुहोस् । समूह ‘गु लाई बाल क्लब सञ्चालनका सफल रणनीतिहरू तयार पार्न लगाउनुहोस् ।
- सबै समूहद्वारा पालैपालो प्रस्तुतीकरण गराउउनुहोस् ।




**नेतृत्वदायी घर**

## असल नेतृत्वको गुणहरू

| समूह | विवरण तयार पार्नुपर्ने कार्यक्षेत्रहरू |
|---|---|
| क | साँस्कृतिक कार्यक्रम सञ्चालन |
| ख | विद्यालयको सरफाइ व्यवस्था |
| ग | सामुदायिक शिविरमा स्वयम्सेवक परिचालन |
| घ | विद्यालयमा हरियाली प्रवर्धन |

- 'क', 'ख', 'ग', 'घ' भन्न लगाउँदै चार ओटा समूहमा बसाउनुहोस् ।
- प्रतयेक समूहलाई नेतृत्व गर्नु पर्ने शीर्षक जिम्मा दिनुहोस् ।
- नेतृत्वदायी घरमा उल्लिखित गुणहरूलाई आधार बनाएर आ आफ्नो जिम्माको कार्यक्रम सम्पन्न गर्ने योजना बनाउन लगाउनुहोस् ।
- त्यसलाई न्युजप्रिन्टमा लेखेर ठुलो समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।

**नेता चिनौं**

- सहभागीहरू मध्ये आधा जतिलाई बाहिर पठाउनुहोस् ।
- भित्र रहेकाहरूमध्ये एक जनालाई समूह नेता बनाउनुहोस् ।
- समूह नेतालाई साथीहरूले देख्नेगरी शारीरिक हाउभाउ (टाउकोमा हात राख्ने, हात बाँध्ने, ताली बजाउने आदि जस्ता) गरेर देखाउन लगाउनुहोस् ।
- अरू साथीहरूलाई पनि नेता सँग सँगै उस्तै हाउभाउ गर्न लगाउनुहोस् ।
- केहिबेर अभ्यास गरेपछि बाहिर गएका साथीहरूलाई भित्र बोलाउनुहोस् ।
- नेताको निर्देशन अनुसार भित्र रहने सबैलाई हाउभाउ गर्न लगाउनुहोस् ।
- बाहिर गएर आउने समूहका साथीहरूलाई सल्लाह गरेर एक जनाले हाउभाउ गर्ने नेताको नाम एकै पटकमा भन्न लगाउनुहोस् ।
- नेता चिन्न सकेभने भित्र रहने समूहका प्रत्येकलाई र चिन्न नसकेमा बाहिर गएर आउने समूहका प्रत्येकलाई पालैपालो नेतृत्व, नेतृत्वका गुण र सिप आदि उपशीर्षकबाट एक एक ओटा जानकारीमूलक बुँदा साथीहरूले सुन्ने गरी भन्न लगाउनुहोस् ।

**सूक्ष्म शिक्षण**

- सहभागीलाई चार समूहमा राखेर निम्नानुसारका शीर्षक दिई सूक्ष्म शिक्षण योजना तयार पार्न लगाएर शिक्षण गर्न लगाउनुहोस् ।

| समूह | सूक्ष्म शिक्षण गर्नु पर्ने शीर्षकहरू |
|---|---|
| क | शिक्षक र विद्यार्थीको नेतृतव विकास |
| ख | विद्यार्थी विद्यार्थीबिचको नेतृत्व विकास |
| ग | विद्यार्थी र समुदायबिचको नेतृत्व विकास |
| घ | विद्यार्थी र परिवारबिचको नेतृत्व विकास |

**प्रतिविम्बन :**

- तलका जस्ता प्रश्नहरू सोध्ने :
- नेतृतव भन्नाले के बुझ्नु भयो ?
- सामूहिक नेतृत्व विकास कसरी गर्न सकिन्छ ?
- असल नेतृतवका लागि कस्ता गुणहरू आवश्यक हुन्छन् ?
- नेतृत्व र व्यवस्थापन बिच के फरक हुन्छ ?

**जानि राखौँ :**

सामूहिक हितको लक्ष्य राखेर योजनावद्ध तवरले कार्य क्षेत्रमा अगुवाई गर्नु नेतृत्व लिनु हो । नेतामा दूरदृष्टि हुन्छ । उनले उच्च लक्ष्य राख्छन् । उनी परिवर्तनकारी हुन्छन् । परिवर्तनले विकास ल्याउन सक्छ भन्ने कुरामा उनी विश्वस्त हुन्छन् । त्यसैले उनी तलभन्दा बढी माथि हेर्छन् । यसलाई उच्च दृष्टि भनिन्छ । उनको समूह परिचालन गर्ने शैली पनि फरक हुन्छ । समूहलाई कामको जिम्मा दिने र कार्य सम्पन्न गराउने तरिका पनि अरूको भन्दा उनको फरक हुन्छ । कार्य सम्पन्न भएपछि प्रतिफललाई मूल्याङ्कन गर्ने र सुधारात्मक कदम चाल्ने काममा पनि उनी अगुवाई गर्छन् । उनलाई सबैले साथ दिन्छन् ।

**नेतृत्व विकासका लागि गर्न सकिने अरु क्रियाकलापहरू**

**निम्नानुसारका अवस्थामा विद्यार्थीले व्यक्तिगत वा सामूहिक रूपमा नेतृत्व लिई सबैको हित हुने किसिमले सर्वसम्मत हुने गरी के कस्ता निर्णयहरू गर्नु उपयुक्त हुन्छ ? यी सबै शीर्षकहरू अन्तर्गत गर्नुपर्ने नेतृत्वदायी कामहरूबारे छलफल गराउनुहोस् :**

- पारिवारिक बजेट बनाउने सम्बन्धमा
- आज तरकारी के खाने भन्ने सम्बन्धमा
- परिवारका सदस्यबिच काम बाँडफाँड गर्ने सम्बन्धमा
- घर, परिवार र समुदाय वरिपरि सरसफाइ सम्बन्धमा
- बाल क्लव सञ्चालन गर्ने सम्बन्धमा
- प्रतिनिधिमण्डल जाने सम्बन्धमा
- अतिरिक्त क्रियाकलाप गर्ने सम्बन्धमा
- आयआर्जन गर्ने उद्यम सञ्चालन गर्ने सम्बन्धमा
- खानेपानी बचत गर्ने सम्बन्धमा
- घरायसी सामग्री खरिद गर्ने सम्बन्धमा

थप जानकारीका लागि यी सामग्री पढौँ :

१. The aflatoun series - Book 6, 7 and 8.

२. विद्यालय व्यवस्थापन तालिम (स्रोत सामग्री), NCED

## १४. सचेतना सामग्री

| दिन : तेस्रो | सत्र : पहिलो | समय : ०१:३० मिनेट |
|---|---|---|

**परिचय :**

सामाजिक तथा वित्तीय व्यवहार सम्बन्धी सिप विकास गर्न सचेतना सामग्री निर्माण र प्रदर्शन (प्रस्तुतीकरण) ले टेवा पुऱ्याउँछ । विद्यार्थीद्वारा यस्ता सामग्री निर्माण गराएर समुदायमा यिनीहरूको माध्यमबाट सचेतना कार्यक्रमहरू सञ्चालन गराउँदा समुदायका मानिसहरूले पनि सचेत हुने अवसर पाउँछन् र उनीहरूको व्यवहारमा परिवर्तन आउँछ । प्राकृतिक वातावरण संरक्षण र विपद् व्यवस्थापन सम्बन्धी क्षैत्रमा सचेतना सामग्री निर्माण गराएर प्रदर्शन गराउने अभिप्रायले यस सत्रमा यो सामग्रीलाई समावेस गरिएको हो । सामाजिक तथा वित्तीय शिक्षाका सबै पाठहरूमा यस्ता सामग्री निर्माण गरी सचेतना फैलाउन सकिन्छ ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नकार्य गर्न सक्षम हुनुहुनेछ :**

- प्राकृतिक वातावरणको संरक्षण गर्नुपर्छ भन्ने कुराहरू मनन् गर्न ।
- प्राकृतिक वातावरण संरक्षण सम्बन्धी सचेतना सामग्री विकास गर्न ।
- सामुदायिक सचेतना कार्यक्रमहरू सञ्चालन गर्न ।

**प्रशिक्षण सामग्री :**

- कार्डबोर्ड, मेटाकार्ड, मार्कर पेन, न्युजप्रिन्ट, साइन पेन, स्केल, कैंची, टेप, बाँसका कप्टेराहरू, फेविकोल, रङ आदि ।

**पूर्वतयारी :**

- प्राकृतिक वातावरण संरक्षण सम्बन्धी नाराहरू र प्लेकार्डहरू तयार पारी राख्नुहोस् ।

| | |
|---|---|
| वातावरणीय सफाइ | गर्नै पर्छ/ गर्नै पर्छ |
| वृक्षरोपण गरौं | हरियाली बढाऔं/हरियाली बढाऔं |
| वनजङ्गल फडानी | गर्नै हुन्न/गर्नै हुन्न |
| नदीनाला फोहर गर्ने काम | गर्दै नगरौं/गर्दै नगरौं |
| बाटोघाटो | सफा राखौं/सफा राखौं |
| प्राकृतिक सौन्दर्यता | बचाइ राखौं/बचाइ राखौं |
| सक्छौं भने | सफा गरौं/सफा गरौं |
| सक्दौनौं भने फोहोर | नगरौं/नगरौं |
| विश्वलाई स्वच्छ र सफा बनाउने | हाम्रै काम/हाम्रै काम |

**प्रशिक्षण क्रियाकलाप :**

**नारा जुलुस**

- तालिम हलको बाहिर चउरमा प्लेकार्डहरू लिन लगाएर नारा भन्दै लाइनमा हिड्न लगाउनुहोस ।
- केही क्षण नारा जुलुस गरेपछि सहभागीहरूलाई गोलो घेरामा राख्नुहोस् । आफूहरू र वरपरको समुदायमा नारा जुलुसले पारेको प्रभावबारे छलफल गराउनुहोस् ।
- यस क्रियाकलापको निष्कर्ष बताइदिनुहोस् ।

**सचेतना सामग्री निर्माण र प्रदर्शन**

| समूह | शीर्षक | बनाउनु पर्ने सचेतना सामग्री |
|---|---|---|
| क | वनजङ्गल | हरियाली संरक्षण सम्बन्धी पोस्टर, पाम्प्लेट, पर्चा |
| ख | हिमाल, नदीनाला | हिमाल, नदीनाला संरक्षण सम्बन्धी चित्र बनाई तिनीहरूप्रतिको हाम्रो दायित्व झल्कने सान्दर्भिक कुराहरूको टिपोट, ब्रोसर, पर्चा आदि । |
| ग | वातावरणीय सफाइ | घर, आँगन, बाटोघाटो, पँधेरो आदि सफा गरौं भन्ने प्लेकार्ड बनाउने र जुलुस प्रदर्शन गर्ने, |
| घ | जयवायु परिवर्तन | पानीको मुहान सुक्दै जानु, हिउँ पग्लिनु, समुन्द्र सतह बढ्नु जस्ता जलयवायु परिवर्तन सम्बन्धी सन्देशहरूको पर्चा |
| ङ | विपद् व्यवस्थापन | चट्याङ, हावाहुरी, आगलागी, बाढी, पहिरो, भुकम्प व्यवस्थापन सम्बन्धी सन्देशहरूको पर्चा निर्माण |

- सहभागीहरूलाई पाँच समूहमा विभाजन गर्नुहोस् ।
- चिट्ठा गरेर माथिको विषय छनोट गर्न लगाउनुहोस् ।
- आ आफ्नो समूहमा बसेर सम्बन्धित सामग्रीहरू तयार पार्न लगाउनुहोस् ।
- ती सामग्रीहरूलाई सरल, प्रष्ट, आकर्षक, ठुलो आकारको बनाउन भन्नुहोस् ।
- प्रत्येक समूहलाई आ आफ्ना सामग्रीहरू ठुलो समूहमा प्रस्तुत गर्न लगाउनुहोस् ।
- यस्ता सामग्रीहरू विद्यालयमा कसरी बनाउन लगाउन सकिन्छ प्रश्नोत्तर र विचार आदान प्रदान गर्न लगाउनुहोस् ।

**प्रतिविम्बन**

**तलका प्रश्नहरू सोधेर यस सत्रको प्रतिविम्बल गराउनुहोस् :**

- वातावरणीय सरसफाइ किन गर्नु पर्छ ?
- जलवायु परिवर्तनले मानिसमा कस्तो प्रभाव पार्छ ?
- बन जंगल संरक्षण गर्न कुन कुन कुरामा विचार पुर्‍याउनु पर्छ ?
- विपद् भनेको के हो ?
- भुकम्प आउँदा के के गर्न हुन्छ ?

## १५. प्रयोगात्मक कार्य

| दिन : तेस्रो | सत्र : दोस्रो | समय : ४ घन्टा |
|---|---|---|

**परिचय :**

सैद्धान्तिक सिकाइका तुलनामा प्रयोगात्मक कार्य गरेर सिकेका कुराहरूले मानिसको व्यवहारमा परिवर्तन ल्याउन सक्छन् । सामाजिक तथा वित्तीय शिक्षाका धेरैओटा पाठहरूमा प्रयोगात्मक कार्यहरू गराउन सकिन्छ । विद्यार्थीहरूलाई प्रयोगात्मक कार्य गराउँदा उनीहरूमा चाँडै सिप विकास हुनुका साथै परिवार र समुदायका मानिसहरूले समेत उनीहरूबाट सिक्न पाउँछन् । यही अभिप्राय ले विद्यार्थीहरूबीच यस्ता क्रियाकलाप सञ्चालन गराउन शिक्षकलाई सहयोग पुगोस भनेर यो कार्यक्रम यस तालिममा समावेश गरिएको हो ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नकार्य गर्न सक्षम हुनुहुनेछ :**

- वित्तीय कारोवारहरू गर्ने तरिकाहरू प्रस्तुत गर्न ।
- परिवार र समुदायका सरोकारवालाहरूलाई वित्तीय कारोबार सिकाउन ।
- प्रयोगात्मक कार्यको तयारी, सञ्चालन र व्यवस्थापन गर्न ।

**प्रशिक्षण सामग्री :**

- कम्प्युटर, वित्तीय कारेवार सम्बन्धी कागजात र उपकरणहरू, मेटाकार्ड, न्युजप्रिन्ट, साइन पेन, स्केल, टेप आदि ।

**पूर्व तयारी :**

वित्तीय कारोवार सम्बन्धी सामग्रीहरू जम्मा गर्नुहोस् । बैंक, बिमा, सेयर आदि कारोबार गर्ने संस्थाहरूसँग सम्पर्क राखी प्रतिनिधि पठाइदिन अनुरोध गर्नुहोस् ।स्टलमा बस्ने सहभागीहरूलाई एकदिन अगाडि नै गर्नुपर्ने कारोबार सम्बन्धमा रिहर्सल गराउनुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

केही सहभागीहरूलाई स्टलमा बस्न, केहीलाई स्वयम्सेवक हुन र अरुलाई समुदायका मानिसहरू भएर यो कार्य सम्पन्न गर्न लगाउनुहोस् ।

- तालिम हलमा कुर्सी टेवल प्रयोग गरेर निम्नानुसारको दस ओटा स्टल खडा गर्नुहोस् । स्टल नम्बर र कारोबारको शीर्षकहरू मेटा कार्डमा लेखेर टाँस्नुहोस् ।

| | | | |
|---|---|---|---|
| स्टल नं १ | स्टल नं २ | स्टल नं ३ | स्टल नं ४ |
| चल्ती खाता | बचत खाता | मुद्दती खाता | कर्जा |
| | | | |
| स्टल नं ५ | स्टल नं ६ | स्टल नं ७ | स्टल नं ८ |
| विद्युतीय कार्डहरू | विनिमय दर | मुद्रा सटही काउन्टर | शेयर कारोवार |
| | | | |
| स्टल नं ९ | स्टल नं १० | | |
| विमा | सोधपुछ | | |

- सहभागीहरूलाई सम्बन्धित टेवलमा आवश्यक कागजात र उपकरणहरू मिलाएर राख्न लगाउनुहोस् ।
- कुन स्टलमा को को बस्ने तय गराउनुहोस् ।
- संस्थाको प्रतिनिधिलाई सम्बन्धित स्टलहरूमा अवलोकन गरी निर्देशन दिन अनुरोध गर्नुहोस् ।
- केही सहभागीहरूलाई स्वयम्सेवक भएर अभिभावक, अन्य पाउनहरूको अनुकरण गर्ने साथीहरूलाई सबै स्टलमा बाँडेर बसाउनुहोस् ।
- स्टलमा बस्ने साथीहरूलाई कारोबार सुरू गर्न भन्नुहोस् ।
- कारोवार सकेका ग्राहकहरूलाई इच्छा अनुसार अरू स्टलहरूमा जान अनुरोध गर्नुहोस् ।

प्रयोगात्मक कार्य पश्चात :

- प्रयोगात्मक कार्य बारे अभिनय गर्ने सहभागीहरूसँग प्रतिक्रिया माग्नुहोस् ।
- विद्यालयमा प्रयोगात्मक कार्य गराउँदा यसमा संलग्न हुने विद्यार्थीहरूले अनिवार्य रूपमा प्रतिवेदन विद्यालयमा पेश गर्नु पर्ने हुँदा यस क्रियाकलापका क्रममा सहभागीहरूलाई स्टलमा भए गरेका कार्यहरूको संक्षिप्त प्रतिवेदन नमुनामा दिएको ढाँचा अनुसार तयार गर्नु पर्ने कुराको जानकारी दिनुहोस् ।

**प्रतिविम्बन :**

तलका प्रश्नहरूको आधारमा यस सत्रको प्रतिविम्बन गर्नुहोस् ।

- बैंकमा पैसा जम्मा गर्ने खाता कति प्रकारका हुन्छन् ?
- बिमा कसरी गर्नुपर्दो रहेछ ?
- सेयर बारे तपाईलाई केके जानकारी भयो ?
- बिनिमय दर भन्नाले केके बुझ्नुभयो ?
- वित्तीय कारोवार सम्बन्धी प्रयोगात्मक कार्यबाट के कस्ता कुराहरू सिक्नुभयो ?
- यस्तो प्रयोगात्मक कार्य विद्यालयमा सञ्चालन गर्दा के कस्ता कुरहरूमा ध्यान पुऱ्याउँनु पर्छ ?

**प्रतिवेदनको ढाँचा**

१. **कभर पेज**
२. **टाइटल पेज**
३. **टाइटल भर्सो पेज**
४. **प्राक्कथन**
५. **विषयसूची**
६. **विषयवस्तु (क्रम मिलाएर)**
७. **अनुसूची (सहभागीहरूको नाम, सहयोग गर्ने संस्थाहरूको नामावली, धन्यवाद पत्रको प्रतिलिपि, फोटोहरू आदि)**
८. **अन्तिम पाना र सन्देश**

# १२. विद्यालय उद्यम सञ्चालन कार्यक्रम

| दिन : तेस्रो | सत्र : तेस्रो | समय : १.३० घन्टा |
| --- | --- | --- |

**परिचय :**

विद्यार्थीमा उद्यमप्रति सकारात्मक भावना जगाउन र उनीहरूमा यस सम्बन्धी सिप विकास गराउनका लागि विद्यालय स्तरमै सामाजिक, वित्तीय तथा वित्तीय सामाजिकमध्ये कुनै एउटा उद्यम सञ्चालन गर्नुपर्छ । विद्यार्थीलाई उद्यम सम्बन्धी मूल्य मान्यताको सम्मान गर्न सिकाउनु अनिवार्य हुन्छ । प्रत्येक मानिसले कुनै न कुनै उद्यम सञ्चालन गर्नु नै पर्छ । यहाँ विद्यालयले विद्यार्थी संलग्न गराएर सञ्चालन गर्ने सानातिना उद्यमलाई लिन खोजिएको हो । यस्ता उद्यमहरू सामाजिक, वित्तीय र वित्तीय सामाजिक कुनै पनि हुन सक्छन् । सामाजिक उद्यमले विद्यार्थी, परिवार र समुदायको भलाई र विकाससँग सम्बन्ध राख्दछ तर वित्तीय उद्यमले सानोतिनो कमाइ हुने कुरालाई जोड दिन्छ । यसको मतलव विद्यार्थीलाई लखपति बनाउने कार्यक्रमको रूपमा यसलाई सञ्चालन गर्नु हुँदैन । उद्यम प्रति सकारात्मक भावना विकास गराउने यसको लक्ष्य हुनुपर्छ । वित्तीय सामाजिक उद्यमले सानोतिनो आम्दानी गराउने र विद्यार्थी, परिवार तथा समुदायको भलाई गर्ने काम गर्दछ । यी तिन प्रकारका उद्यमहरूमध्ये कुनै एउटा छनोट गरेर विद्यालयले सञ्चालन गर्नु पर्छ । यसको सञ्चालनमा विद्यार्थीको पूर्ण सहभागिता सुनिश्चित गरिनु पर्छ । विद्यालयमा यस्ता उद्यमहरू सञ्चालन गर्न शिक्षकलाई सहयोग पुगोस् भनेर यस तालिममा यो विषयवस्तु समावेश गरिएको हो ।

**उद्देश्य :**

विद्यालयले सञ्चालन गर्ने उद्यमहरूका प्रकार बताउन ।

विद्यालयलाई अनुकूल हुने उद्यम छनोट गर्न ।

उद्यम सञ्चालनको योजना तयार पार्न ।

**प्रशिक्षण सामग्री :** न्यूजप्रिन्ट, साइन पेन, उद्यम सञ्चालनको सुनौलो मार्ग दर्शन, टेप आदि ।

**पूर्व तयारी :**

कतिओटा विद्यालय र खुल्ला विद्यालयबाट सहभागीहरू आउनु भएको छ । त्यतिनै प्रति उद्यम सञ्चा( लनको सुनौलो मार्ग दर्शन तयार पारिराख्नुहोस् ।

**प्रशिक्षण क्रियाकलाप :**

- विद्यालय र खुल्ला विद्यालयहरूलाई अलग अलग समूहमा बसाएर निम्नानुसारका मार्गदर्शनहरू वितरण गरी भर्न लगाउनुहोस् :

१) उद्यमको पहिचान गरी, समुदाय र विद्यालयमा यसको आवश्यकता र अवसर छ कि छैन भन्ने कुरा कसरी यकिन गर्न' हुन्छ ? त्यसको आवश्यकता छ भन्ने कुरा कसरी निर्धारण गर्न' हुन्छ ? उत्पादनको विक्री वितरण कहाँ गर्न' हुन्छ ? (यदि वित्तीय उद्यम हो भने)

२) के त्यहाँ प्रतिस्पर्धा हुने छ ? के पहिले देखिनै अरु कोहि त्यस्तै काममा लागिरहेका छन् । वास्तवमा भन्नु पर्दा यस्ता प्रतिस्पर्धाहरू के के हुन सक्छन् ?

३) बालबालिका, विद्यालय र समुदायलाई यस उद्यमले के के फाइदा हुन्छ ? यसको सफलतालाई कसरी मापन गर्न' हुन्छ ?

४) विद्यालय र समुदायको यस परियोजना प्रति कस्तो दृष्टिकोण छ ? तपाईं यसमा कसरी निश्चित हुनु हुन्छ ?

५) यसका लागि बालबालिकालाई सहयोग गर्न सक्ने व्यक्तिहरू को को हुन सक्छन् ?

६) विरोध कहाँ कहाँबाट हुन सक्छ ? त्यस उद्यमले समुदाय अथवा विद्यालयमा कोही मानिसलाई दुःखी पार्न सक्ने जोखिम छ ?

७) उद्यम शुरू गर्न कति पैसा चाहिन्छ ? यो कहाँबाट प्राप्त गर्न' हुन्छ ?

८) अन्य कुन कुन सेवा र सामग्रीको आवश्यकता पर्छ । कहाँबाट यस्ता सेवा र सामग्री प्राप्त गर्न सकिन्छ ?

९) उद्यम सञ्चालनका लागि योजना र बजेट बनाउनु पर्छ ?

१०) उद्यम असफल भएमा बचत गरेको रकम समेत गुम्ने सम्भावनाबारे समूहका सबै साथीहरूको विचार लिनु भएको छ ? उहाँहरूसँग यस सम्बन्धमा कसरी छलफल गर्न' हुन्छ ?

११) उद्यमले नाफा कमायो भने यसबाट के गर्न' हुन्छ ? यसो गर्न सबै सहभागीहरू मञ्जुर हुनु हुन्छ भन्ने कुरा कसरी निश्चित गर्न' हुन्छ ?

१२) आफ्नो उद्यमबाट नकरात्मक असर हुने छैन भन्ने कुरामा विश्वास दिलाउन के कस्ता उपायहरू अवलम्वन गर्न' हुन्छ ?

१३) तपाईंका उद्यमले पार्न सक्ने वातावरणीय असर बारेमा विचार पुर्‍याउँनु भएको छ ?

१४) तपाईंका उद्यमले अरुका हक र अधिकार हनन् त गर्दैन ? गर्दैन भन्ने विश्वास दिलाउन केही उदारणहरू दिनुहोस ।

१५) तपाईंका उद्यममा लैङ्गिक समानतालाई कसरी सम्बोधन गरिएको छ ? उदारणहरू दिनुहोस् ।

१६) कति जना बालबालिकाको सहभागिता रहने छ ? उनीहरूले के कस्तो भूमिका निर्वाह गर्न'पर्छ ?

१७) विद्यार्थी र शिक्षकको अग्रसरता कस्तो रहन्छ ? अग्रसरता सम्बन्धी पुष्ट्याइँ कसरी गर्न' हुन्छ ? शिक्षकले आफ्नो भूमिकालाई न्यून राखी विद्यार्थीलाई नै अग्रसर गराउन, उनीहरूको विचार र निर्णयलाई कदर गर्न तथा उनीहरूलाई सल्लाह र सुझाव प्रदान गर्न के कस्ता कदम चाल्नु हुन्छ ?

- यी प्रश्नहरूमा छलफल गरेर उत्तर भरिसकेपछि एक एक ओटा उद्यम छनोट गर्न लगाएर यसको योजना बनाउन लगाउनुहोस् ।
- निम्नानुसारको योजनाको ढाँचा पनि उपलब्ध गराउनुहोस् ।

## योजनाको ढाँचा

योजनाको नाम :

१. परिचय :

२. उददेश्य :

३. समयावधि :

४. आवश्यक सामग्रीहरू :

५. जिम्मेवारी बाँडफाँड :

६. सहयोगी व्यक्ति/निकाय :

७. सञ्चालन प्रक्रिया :

८. बजेट व्यवस्था :

| क्र.स. | क्रियाकलाप | लाग्ने खर्च |
|---|---|---|
| | | |
| | | |

९. अनुगमन :

१०. मूल्याङ्कन :

योना प्रस्तुत गर्न लगाउनुहोस् ।

## १६. तालिम मँल्याङ्कन

| दिन : तेस्रो | सत्र : तेस्रो | समय : ००:१५ मिनेट |
|---|---|---|

**परिचय :**

तालिम सञ्चालनको अन्त्यमा यसको मूल्याङ्कन गर्नु अनिवार्य हुन्छ। सहभागीहरूले गरेको मूल्याङ्कन सही र प्रभावकारीहुन्छ। तालिम मूल्याङ्कनले पछिका तालिमहरू सञ्चालन गर्ने कार्यहरूमा सहयेग पुऱ्याउँछ।

**उद्देश्य : यस क्रियाकलापको अन्त्यमा सहभागीहरू निम्नलिखित कार्य गर्न सक्षम हुनुहुनेछ :**

- तालिमका सवल र सुधार गर्नुपर्ने पक्षहरू पत्ता लगाउन।
- सिकेका कुराहरूलाई पुनः स्मरण गर्न।

**प्रशिक्षण सामग्री :**

- प्रश्नावली।

**पूर्वतयारी :**

सहभागीहरूको सङ्ख्याको आधारमा प्रश्नावली तयार पारिराख्नुहोस्।

**प्रशिक्षण क्रियाकलाप :**

- तलका प्रश्नहरू उल्लेख गरिएको प्रश्नावली व्यक्तिगत रूपमा वितरण गरी उत्तरहरू लेख्न लगाउनुहोस् :

(क) तालिमको अवधि बारेमा तपाईंको विचार अनुसार रेजा (✓) लगाउनुहोस्।

ठीक ☐ कम ☐ बढी ☐

(ख) तालिमको विषयवस्तु कस्तो लाग्यो रेजा लगाई त्यसको कारण पनि लेख्नुहोस्।

उपयुक्त ☐ कारण :

ठीकै ☐ कारण :

अनुपयुक्त ☐ कारण :

(ग) तपाईंलाई यस तालिमका कुनकुन विषयबस्तुहरू राम्रो लाग्यो ? कुनकुन अनावश्यक ठान्नुभयो ?

**राम्रो लागेका विषयबस्तुहरू :**

☐

**अनावश्यक विषयबस्तुहरू :**

☐

(घ) तपाईँलाई यस तालिमका कुन कुन क्रियाकलापहरू राम्रो लाग्यो र किन ?

| **क्रियाकलापको नाम** | **राम्रो लाग्नुको कारण** |
|---|---|
| | |

(ङ) प्रशिक्षण सिप कस्तो लाग्यो ? एउटा बाकसमा रेजा (✓) लगाउनुहोस् ।

अति उत्तम ☐ उत्तम ☐ ठीकै ☐

(च) तालिममा कस्तो अनुभव गर्नुभयो एउटा बाकसमा मात्र रेजा (✓) लगाउनुहोस् ।

रमाइलो ☐ पट्यार लाग्दो ☐

(छ) तालिमका सहभागीहरूको सहभागिता कस्तो लाग्यो ? एउटामा मात्र रेजा (✓)लगाउनुहोस् ।

पूर्ण सहभागिता ☐ आंशिक ☐ निष्क्रियता ☐

(ज) तालिममा प्रयोग भएका सामग्रीहरू कस्तो लाग्यो ? एउटामा मात्र रेजा (✓) लगाउनुहोस् ।

उपयुक्त ☐ ठीकै ☐ अनुपयुक्त ☐

(झ) तालिमको व्यवस्थापन पक्ष कस्तो लाग्यो ?

उपयुक्त ☐ ठीकै ☐ अनुपयुक्त ☐

(ञ) यस तालिमका सम्बन्धमा तपाईँका सुझावहरू लेख्नुहोस् ।

| |
|---|
| |

धन्यबाद ।